म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११८ शुक्रबार २२ मंसिर २०८० ने. सं. ११४४ कछलागा 8 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं, न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं, बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं, दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# राष्ट्रियसभा अध्यक्षमा बिडारीको दाउ, सदस्यमा 'डीना'को नजर

## रामचन्द्र राईको कार्यकाल सकिँदै




साझाकुरा संवाददाता

हेटौंडा, २१ मंसिर/ आगामी ११ माघमा राष्ट्रियसभा निर्वाचन हुँदैछ । तीन महिनापछि निर्वाचन भएपनि राष्ट्रियसभा अध्यक्षदेखि सदस्य बन्न नेताहरु शक्तिकेन्द्र धाउन थालिसकेका छन् ।

अध्यक्षदेखि सदस्य बन्न मकवानपुरका दुई नेताले राष्ट्रिय सभामा नजर लगाएको चर्चा भइरहेको छ । राष्ट्रियसभा चुनावमा मकवानपरका रामनारायण बिडारी दोहोरिने चर्चा भएको छ । यसअघि सदस्य रहेका बिडारीको कार्यकाल सकिएपछि भूमिकाविहीन थिए । उनले एक कार्यकाल अनुभव बटुलेको आधारमा राष्ट्रियसभा अध्यक्षमा दाउ लगाएका छन् । राष्ट्रियसभा निर्वाचनमा सत्ता गठबन्धनले भागवण्डा गरेर उम्मेदवार उठाउँदै छ । गठबन्धनकै नेकपा माओवादी केन्द्रका बिडारी राष्ट्रियसभा अध्यक्षको लाइनमा देखिएका हुन् ।

आगामी २० फागुनमा एमालेका ९, कांग्रेसका ४ माओवादीका ३, एकीकृत समाजवादीका २, जसपाका र स्वतन्त्र सांसद १-१ जना गरी २० सांसदको पदावधि सकिँदै छ । त्यसमा, कोशी प्रदेशबाट २, मधेश प्रदेशबाट २, बागमती प्रदेशबाट ४, गण्डकी प्रदेशबाट ३, लुम्बिनी प्रदेशबाट २, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट ३-३ सदस्यका लागि निर्वाचन हुँदैछ । त्यस्तै, राष्ट्रपतिबाट मनोनीत हुने एक महिला सदस्यको पनि पदावधि सकिँदैछ । राष्ट्रियसभा अध्यक्ष गणेश तिम्सिनाको कार्यकाल सकिने भएकाले यो पदमा बिडारीले नजर लगाएका हुन् ।

बिडारी ४ मंसिर २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा मकवानपुरको क्षेत्र नम्बर २ बाट निर्वाचन उठ्न चाहन्थे । गठबन्धनमा नेकपा (एकीकृत समाजवादी)बाट विरोध खतिवडाले टिकट ल्याए । गठबन्धनबाट खतिवडाले टिकट फुत्काएपछि बिडारीको असन्तुष्टि सामाजिक सञ्जालमै पोखिएको थियो । अन्ततः खतिवडाले पनि नेकपा एमालेका महेशकुमार बर्तौलासँग प्रतिनिधिसभा निर्वाचन हारे । गठबन्धनबाट टिकट नपाएपछि प्रतिनिधिसभा प्रवेश गर्ने चाहनामा ब्रेक लागेको बिडारीले राष्ट्रियसभामा दोहोरिन चाहेका हुन् । दोहोरिँदा सदस्य मात्र नभएर, अध्यक्ष नै ताकेको चर्चा माओवादीभित्र छ ।

तर, गठबन्धनभित्र राष्ट्रियसभाको अध्यक्ष कसले पाउने भन्ने भागबण्डा टुंगो लागिनसकेको कारण बिडारीको गन्तव्य अनिश्चित जस्तै छ । सरकारको नेतृत्व गरिरहेको माओवादीबाट आकांक्षी धेरै भएपनि प्रधानमन्त्री तथा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको चाहनाअनुसार हुने भएकाले नेताहरु नाम बताइ हाल्न चाहँदैनन् । प्रचण्डले राष्ट्रियसभाका लागि पूर्वकानुनमन्त्री अजयशंकर नायकलाई आश्वासन दिएको नेताहरुले बताए । त्यस्तै, एक कार्यकालको अनुभव गरिसकेका बिडारीलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने गरी ल्याउनुपर्ने प्रस्ताव माओवादीभित्र रहेको चर्चा चलेको हो ।

'राष्ट्रियसभामा एकै व्यक्ति दोहोरिएको छैन । म परें भने बागमतीको खसआर्य कोटामा पर्ने हुँ । आफ्नो आकांक्षा भन्दा पनि पार्टीले जिम्मेवारी दिन्छ भने तयार छु ।', बिडारीले भने । चुनावलाई लिएर पार्टीभित्र र गठबन्धनका दलहरुबीच कुराकानी भए पनि औपचारिकरुपमा दलभित्र यस विषयले प्रवेश नपाएको बुझिएको छ । तर, नेताहरु चुनावको संघारमा जटिसकेका छन् । राष्ट्रियसभा अध्यक्षमा नेपाली कांग्रेसबाट गोपालमान श्रेष्ठ र कृष्णप्रसाद सिटौलाको पनि दाबी छ । बिडारीले श्रेष्ठ र सिटौलासँग शक्ति संघर्ष गर्नुपर्ने निश्चित छ ।

टिकटका लागि दौडधुपमा मकवानपुरका बिडारी मात्र नभई, नेपाली कांग्रेसकी सहमहामन्त्री मकवानपुरे नेतृ महालक्ष्मी उपाध्याय डीना पनि छिन् । सहमहामन्त्री 'डीना' पनि २०७९ सालमा मकवानपुर १ बाट चुनाव हारेकी थिइन् । पार्टीबाट अन्तर्घात भएकाले चुनाव हारेको निष्कर्षमा पुगेकी डीना राष्ट्रियसभामा गएर प्रभावकारी भूमिका निभाउन चाहन्छिन् । पार्टीमा पनि एक मात्र महिला पदाधिकारी डीनालाई महिला नेतृहरुमा प्रभावकारी मानिन्छ । सभापति शेरबहादुर देउवाको विश्वास पात्र मानिएकी डीनाको राष्ट्रियसभा प्रवेशको सम्भावना बलियो रहेको नेताहरुको भनाई छ । गत निर्वाचनमा समानुपातिकको १ नम्बरमा नाम राख्ने पार्टीको प्रस्ताव छोडेर प्रत्यक्ष निर्वाचन लड्न आएकी डीना मकवानपुर क्षेत्र नम्बर १ बाट राप्रपाका दीपक सिंहसँग पराजित भएकी थिइन् ।

मकवानपुरबाट राष्ट्रिय सभामा बिडारी र डीनाले प्रवेश खोज्दा कार्यकाल सकिएर मकवानपुर कै पुराना कम्युनिष्ट नेता रामचन्द्र बाहिरिँदै छन् । उनको कार्यकाल फागुनमा सकिँदैछ । राष्ट्रियसभामा गएका एमालेबाट गणेश तिम्सिना (राष्ट्रियसभा अध्यक्ष), इन्दु कडरिया, दीपा गुरुङ, दिलकुमारी रावल, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र रामचन्द्र राईको पदावधि सकिँदैछ । कांग्रेसबाट अनिता देवकोटा, जितेन्द्र नारायण देव, प्रकाश पन्थ र रमेशजङ रायमाझी बिदा हुनेछन् । माओवादी केन्द्रबाट बिना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरी छन् । जनता समाजवादीबाट प्रमिला कुमारी, नेकपा एकीकृत समाजवादीबाट नन्दा चपाई र सिङबहादुर विश्वकर्मा रहेका छन् । स्वतन्त्र सदस्य खिमलाल देवकोटा र मनोनीत डा. विमला पौड्याल पनि बिदा हुँदैछन् ।

राष्ट्रियसभा चुनावमा सत्ता गठबन्धन र एमालेबीच प्रतिस्पर्धा हुने देखिन्छ । गठबन्धनको पल्ला भारी हुने देखिएको चुनावमा टिकटका लागि नेताहरु शक्तिकेन्द्र धाउन थालेका हुन् । चुनाव हुने १९ सिटमा सत्तारुढ गठबन्धनका दलहरुबीच हुने भागवण्डाका आधारमा उम्मेदवार तय हुनेछन् । सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जनता समाजवादी पार्टीबीच सिट बाँडफाँट हुनेछ । गठबन्धनमा संख्यामा मोटामोटी सहमति भइसकेको छ । कांग्रेसले मनोनीतसहित १०, माओवादी केन्द्र ६, नेकपा एस ३ र जसपाले एक सिट पाउने सहमति भइसकेको चर्चा चलिरहेको छ ।

# बंगलादेश-नेपाल उवासंघ भ्रमण टोलीसँग हेटौंडामा छलफल

साझाकुरा संवाददाता




हेटौंडा, २१ मंसिर/ बंगलादेश-नेपाल उद्योग वाणिज्य संघको भ्रमण टोलीसँग हेटौंडामा व्यावसायिक छलफल गरिएको छ । मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ताअग्रवालको अध्यक्षतामा संस्थागत तथा व्यावसायिक सम्बन्धबारे छलफल गरिएको हो । बंगलादेश-नेपाल उवासंघका वरिष्ठ उपाध्यक्ष नवीन थापाको नेतृत्वमा चारजना बंगलादेशी व्यवसायी भ्रमण टोलीमा सम्लग्न थिए ।

मउवासंघका अध्यक्ष गुप्ताले छलफलमा मकवानपुरलाई प्राथमिकता दिई आएकोमा भ्रमण टोलीलाई धन्यवाद ज्ञापन गर्दै व्यावसायिक सम्बन्ध विस्तारको लागि अनुरोध गरे । उनले मउवासंघले संस्थागत विकासको साथसाथमा गरेका सामाजिक तथा परोपकारी क्रियाकलापबारेमा जानकारी गराए ।

मउवासंघका पूर्वअध्यक्ष तथा बंगलादेश-नेपाल उवासंघका उपाध्यक्ष अरुणराज सुमार्गीले बंगलादेशबाट उद्यमीहरु नेपाल आउनुले दुवै देशका व्यवसायीले व्यवसाय विस्तारको अवसर पाउने बताए । बंगलादेशबाट सानाउद्यम, कृषिउद्यम र गार्मेन्टबारे ज्ञान लिनसकिने बताउँदै मउवा संघको प्रतिनिधि मण्डल बंगलादेश जाने तयारी रहेको उनले बताए ।

बंगलादेश-नेपाल उवासंघका वरिष्ठ उपाध्यक्ष थापाले बंगलादेश-नेपाल उद्योग वाणिज्य संघ स्थापित गर्न निक्कै मेहनत गर्नुपरेको, बंगलादेशी व्यवसायी प्रतिनिधिलाई यो पहिलोपटक नेपालमा संस्थागतरुपमा आमन्त्रण गरिएको र मउवा संघको बंगलादेश भ्रमण भएमा बंगलादेश-नेपाल उवासंघको सहजिकरणमा पहिलो भ्रमण हुने बताए ।

त्यसैगरी बंगलादेशी प्रतिनिधिले बंगलादेशको जनसंख्या नेपालको भन्दा करिब सात गुणा बढी रहेको, दक्ष जनशक्ति उपलब्ध रहेको, बंगलादेश हरेक हिसावले अघि बढिरहेको, नेपाली व्यवसायीसँग सहकार्य हुनसक्ने बताउँदै बंगलादेश भ्रमणको लागि निम्तोसमेत गरेका छन् ।

छलफलमा केन्द्रीय सदस्य तथा मउवासंघका निवर्तमान अध्यक्ष कृष्ण कटुवाल, कोषाध्यक्ष सन्तोषकुमार अर्याल, कार्यसमितिका सदस्यलगायतको उपस्थिति रहेको थियो । त्यसैगरी बंगलादेश-नेपाल उवासंघका निर्देशक बंगलादेशी नागरिक मोहमद खैरुल बसर तथा बंगलादेशी व्यवसायीहरु मोहमद फारुकी, मोहमद हारुण रसिद र फाहिद अहमदको उपस्थिति रहेको थियो ।

# चित्रेपानी वन अवलोकनमा वन मन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, २१ मंसिर/ बागमती प्रदेश सरकारका वन तथा वातावरण मन्त्री मसिना खड्काले हेटौंडा-६ रहेको चित्रेपानी सामुदायिक वन उपभोक्ता समूहको विहिवार अवलोकन गरेकी छिन् ।

मन्त्री खड्काले वन समूहको क्षेत्रभित्र डावर नेपालको सहयोगमा भैरहेको विभिन्न गैह्रकाष्ठ वनपैदावारको स्थलगत अवलोकन गरेकी हुन् । अवलोकनपछि मन्त्री खड्काले समूहले गरेका यस्ता कार्यले स्थानीय क्षेत्रमै रोजगारी सिर्जना गर्नुको साथै आयआर्जन हुने काममा मन्त्रालयले समेत सहयोग रहने बताइन् ।

मन्त्री खड्कासँगै अवलोकन गर्ने कार्यमा डिभिजन वन कार्यालय, ललितपुरका डिभिजनल वन अधिकृत रामकुमार भण्डारी, डिभिजन वन कार्यालय, मकवानपुरका सहायक वन अधिकृत बसन्तराज गौतम, सवडिभिजन वन कार्यालय, हेटौडाका सहायक वनअधिकृत रामचन्द्र श्रेष्ठ, डावर नेपालका एशोसियट्स मेनेजर विष्णु केसी, समूहका अध्यक्ष सूर्यबहादुर घलान, सचिव रजनी गौतम, लेखासंयोजक भानुप्रताप बिडारी, सञ्चारकर्मी भीमसेन पौडेल, समूहका उपभोक्ता लगायतको सहभागिता रहेको थियो ।

समूहले डावर नेपालसँगको सहकार्यमा वनक्षेत्र भित्र कुरिलो, जामुन, टटेलो, खमारी, छतिवनलगायतका करिव ५ लाख विरुवाको वृक्षरोपण गरेको छ । समूहले करिव ७० हजारको कुरिलो विक्री समेत गरिसकेको छ ।

# फुटेको ट्युमरको सन्चोमा सफल शल्यक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, २१ मंसिर/ हेटौंडामा पेटको आन्द्रामा पलाएको ट्युमर फुटेपछिको जटिल शल्यक्रिया सफल भएको छ । मकवानपुरको बागमती गाउँपालिका-७ निवासी ४९ वर्षका जयबहादुर मगरको पेटको सानो आन्द्राभित्र भएको ट्युमर फुटेपछि डा. निश्चलभद्र खनालको टोलीले सफल शल्यक्रिया गरेको अस्पताल स्रोतले जनाएको छ ।

विरामी भई भिडियो एक्सरे गर्दा आन्द्रा फुलेको जस्तो देखिएपछि बुधबार डा. खनालको टोलीले शल्यक्रियाको लागि तयारी गरी शल्यक्रिया गरेको जनाइएको छ । सुरुमा फुलेको जस्तो देखियो तर, ट्युमर फुटेको पत्ता लागेपछि हामीले तत्काल शल्यक्रिया गर्‍यौं डा. खनालले साझाकुरालाई भने । 'ट्युमरको शल्यक्रिया भएपनि हेटौँडामा ट्युमर फुटेपछिको भने पहिलो शल्यक्रिया हो' उनले भने ।

'म टिचिङ अस्पतालमा रहदाँ पनि सफल शल्यक्रिया गरेको थिएँ, यहाँ पनि सफलरुपमा शल्यक्रिया गरियो' डा. खनालले बताए । शल्यक्रिया पछि विरामी मगर सामान्य अवस्थामा छन् शुक्रबार उनको डिस्चार्ज गरिने अस्पताल प्रशासनले जनाएको छ ।

ट्युमर फुटेको समयमा शल्यक्रिया गर्न नसके विरामीको मृत्य समेत हुनसक्ने डा. खनालले बताएका छन् । अप्रेसनकक्षमा डा.नीराजन श्रेष्ठ र बेहोस बनाउन डा.प्रशान्त विडारीलगायत स्वास्थ्यकर्मीको साथमा आफूले शल्यक्रिया गरेको डा. खनालले बताएका छन् ।

# राक्सिराङका विपन्न परिवारलाई मौरीसहितको घार वितरण

साझाकुरा संवाददाता



हेटौंडा, २१ मंसिर/ राक्सिराङ गाउँपालिका वडा नम्बर ५ का २५ घरधुरिलाई मौरी सहितको घार बितरण गरिएको हो । नारीसीप सिर्जनाकेन्द्र नेपालको साझेदारिमा संचालित मकवानपुरमा सुरक्षित स्थानागमन प्रवर्द्धन परियोजनाअन्तर्गत राक्सिराङ गाउँपालिका वाड नंम्बर ५ बोटवारी र साचकका २५ घरधुरीलाई मौरी सहितको घार बितरण गरिएको हो ।

बुधबार दुई छुट्टाछुट्टै स्थानमा भएको बितरण कार्यक्रममा साचकटोलमा ११ घर र बोटबारीमा १४ घर गरी २५ घरलाई बितरण गरिएको फिल्ड संयोजक गीता अर्यालले जानकारी दिइन् । कार्यक्रमले बिपन्न चेपाङ समुदायलाई समेटेको र मौरी पालनबाट उनीहरुको आर्थिकस्तर बढ्ने उद्देश्यले मौरी सहित घार बितरण गरिएको परियोजना संयोजक ज्योति बम्जनले बताइन् । सेरेना जातका मौरी प्रतिघर २/२ वटा घार बितरण गरिएको हो । मकवानपुरमा सुरक्षित स्थानागमन प्रबर्द्धन परियोजना कार्यक्रम अन्तर्गत मौरीघार प्राप्त गर्ने बिपन्न परिवारका सदस्यलाई यस अघि नै हेटौंडामा मौरीपालनसम्बन्धी तालिम प्रदान गरिसकेको थियो ।

परियोजनाले जीबिकोपार्जन अन्तर्गत तालिमपस्चात बाख्रा, मौरी, बंगुर बितरण गर्दै आईरहेकोछ । त्यस्तै गरी कृषितर्फ सिंचाइ निर्माण, तालिम, बीउ, टर्नेललगायत अन्य क्षेत्रमा सहयोग र बजार ब्यबस्थापनमा समेत सहयोग गर्दै आइरहेकोछ । मानवबेचबिखन नियन्त्रण तथा सुरक्षित आप्रबासन सम्बन्धी सचेतना गाउँगाउँमा पुर्‍याउदै आइरहेको परियोजनाले राक्सिराङ गाउँपालिकाको ७ वटा वडालाई कार्यक्षेत्र बनाउदै कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

परियोजनाले यस कार्यक्रमको लगत्तै डिसेम्बरमा राक्सिराङ-८ देबीटारमा १६३ मिटर र राक्सिराङ-३ को दमारमा पक्की नहर निर्माणको कार्यलाई अगाडि बढाउन लागिएको बताइएको छ ।

मौरीसहितको घार बितरण कार्यक्रममा राक्सिराङ-५ का वडाअध्यक्ष हरिबहादुर प्रजाको प्रमुख आतिथ्यतामा रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रजाले बिपन्नतासँग लड्न परियोजनाले ठूलो सहयोग गरेको बताए ।

कार्यक्रममा नारीसीप सिर्जनाकेन्दका कार्यबाहक अध्यक्ष नानीमाया चापागाईं मौरीपालक महासंघ नेपालका महासचिव तथा युनिक मौरी पालन केन्द्र मनहरीका संचालक शालिकराम बानियाँलगायत अन्य सदस्यहरु, परियोजना संयोजक ज्योति बोम्जन, फिल्ड संयोजक गीता अर्याल, सामाजिक परिचालक दिलबहादुर लामा र सहजकर्ताको उपस्तिथिति रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# ग्रामीण बस्तीमा सडक सञ्जाल

मुलुक संघीयतामा गएपछि बनेको स्थानीय सरकारले ग्रामीण क्षेत्रका सडक निर्माणमा बिशेष चासो देखाएका छन् । हरेक वडामा डोजर पुगेको छ । सडकको दीर्घकालीन प्रभाव वा वातावरणीय प्रभावको ख्याल नगरिएपनि सडक निर्माणको कामलेभ ने तीब्रता पाएको छ । जनप्रतिनिधिले शिक्षा, स्वास्थ्य, सामाजिक विकास जस्ता क्षेत्रमा बजेट खर्च गर्दा त्यसको प्रतिफल देखिन वर्षौं लाग्ने तर, सडक खन्दा त्यसको प्रतिफल तत्काल देखिने कारणले पनि ग्रामीण क्षेत्रमा सडक सञ्जालको बिस्तार तीब्रगतिमा भएको हो । बागमती प्रदेश राजधानी रहेको हेटौंडा उपमहानगरपालिकाको केही वडा अझै दुर्गम जस्तै छन् । साबिक हेटौंडा नगरमा गाभिएका बसामाडी, हर्नामाडी, हटिया, चुरियामाई, पदमपोखरी क्षेत्रको जनजीवन अझै सहज बन्न सकेको छैन । हेटौंडा नगरको कोर एरियासँग जोडिएपनि हेटौंडा-१ को अधिकांश ग्रामीण क्षेत्रको जनजीवन सहज बन्न सकेको छैन । उपमहानगरको ग्रामीण क्षेत्रका स्थानीयको जनजीवन सहज बनाउने कार्यमा जनप्रतिनिधि क्रियाशील रहेका छन् ।

यसैको उदाहरण हो हेटौंडा-को शिखरकोटसँग स्मारक जोड्ने सडक । स्तरीय मोटरबाटो अभावका कारण हेटौंडा बजारसम्म आउजाउ गर्नका लागि लामो यात्रा गर्नुपर्ने बाध्यता रहेको हेटौंडा-१ शिखरकोट (घ्याङसिङटार)का बासिन्दा सडक सुबिधाबाट लाभाम्वित हुने भएका छन् । हेटौंडा उपमहानगरपालिका र हेटौंडा-१ वडा कार्यालयको लगानीमा हेटौंडा-११ बनदेबीबाट सडक स्तरीकरणको काम निरन्तर चलेसँगै बिकट गाउँमा रहेका स्थानीय सडक सुबिधाबाट लाभान्बित हुने भएका हुन् । उपमहानगर र वडा नम्बर १ बाट छुट्याइएको बजेटबाट गत आर्थिक वर्षमा ३० लाख रुपैयाँ बराबरको काम भएको थियो । बहुबर्षीय योजनामा झैं काम भइरहेको हेटौंडा-११ बनदेबीबाट उकालो लाग्दै जाने सडकमा गत आर्थिक वर्षमा उपमहानगरले २० लाख रुपैयाँ र १ नम्बर वडा कार्यालयबाट १० लाख रुपैयाँ गरी ३० लाख रुपैयाँ बराबरको काम भएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा उपमहानगरपालिकाले बिनियोजन गरेको ५० लाख रुपैयाँ बजेटले बुधबारबाट सडकको स्तरीकरण सुरु गरिएको हो । उपमहानगरले बिनियोजन गरेको बजेटबाट थालिएको स्तरीकरणको कामलाई कार्यवाहक नगरप्रमुख राजेश बानियाँले शिलान्यास गरेका छन् ।

करीब ८ सय ७० मिटर लामो सडकखण्डको शिखरकोट पुगेर बानियाँले शिलान्यास गरेका हुन् । सडक निर्माण सम्पन्न भएसँगै हेटौंडा-११ हुँदै बजारसम्म आउन करिब २० मिनेटको समय लाग्ने स्थानीयको भनाई छ । अहिले भैरबडाँडा हुँदै बजारसम्म आउँन करिब २ घण्टा भन्दा बढी समय लाग्ने स्थानीयले बताएका छन् । पूर्वाधार निर्माणको कामलाई बिशेष प्राथमिकतामा राखेर अघि बढिरहेको र तत्कालीन नगरपालिकासँग जोडिएका गाविसका ग्रामीण बस्ती लक्षित विकासलाई उपमहानगरले अघि बढाएको बताइएको छ । उपमहानगरभित्र रहेर पनि धेरै वडाका बस्तीहरु बिकट रहेका छन् । त्यस्ता बिकट क्षेत्रलाई प्राथमिकतामा राखेर विकासका काम गरिने बताइएको छ । हेटौंडा-११ स्मारकसम्म जोडिनका लागि आगामी दिनमा पनि बजेट बिनियोजन प्रक्रियामा ध्यान दिइने बताइएको छ । हेटौंडा-१ शिखरकोट क्षेत्रमा रहेको स्वास्थ्यकेन्द्र र खानेपानीको समस्या समाधानको पहल गर्ने बताइएको छ । बजार क्षेत्र भन्दा पनि ग्रामीण भेगलाई ध्यान दिँदै वडा कार्यालयले काम गरिरहेको वडा कार्यालयले जनाएको छ । ग्रामीण बस्तीहरुमा सडक निर्माण भएपछि थप विकासको ढोका खुल्दै जाने भएकोले वडा कार्यालयले पहिलो प्राथमिकतामा सडकलाई राखिएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २३ गते शनिबार, ९ डिसेम्बर २०२३ । द्वादशी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:०७ । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : धार्मिक आस्था बढ्नेछ | तुला | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |
| वृष | : कल्याणकारी कार्यको अवसर | वृश्चिक | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |
| मिथुन | : अधिक परिश्रम गर्नु पर्नेछ | धनु | : शुभ समाचार मिल्नेछ |
| कर्कट | : मेहनतको फल पाइनेछ | मकर | : व्यापार लाभप्रद रहनेछ |
| सिंह | : कार्यभार र व्यस्तता बढ्नेछ | कुम्भ | : सन्तानको चिन्ता बढ्नेछ |
| कन्या | : व्यापार-व्यवसाय सामान्य | मीन | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ |

# 'माउन्टेनियरिङ स्टडी'मा युवा आकर्षण



✍ राजन समीप

ओखलढुङ्गा रुम्जाटारका अविश गुरुङ पेसाले हेलिकप्टर पाइलट हुन् । उनले फिलिपिन्सबाट पाइलट ट्रेनिङ पूरा गरेपछि हेलिकप्टर उडाउन सुरु गरेको दुई वर्ष भयो । पाइलट ट्रेनिङले जागिर दिलाए पनि उनको औपचारिक पढाइको रहर भने मेटिएको थिएन । विदेशी पर्यटकलाई लिएर अधिकांश समय हिमालतिर उडिरहने उनले स्नातक तह अध्ययन गर्न उपयुक्त विषयको खोजी गर्ने क्रममा 'ब्याचलर अफ् माउन्टेनियरिङ स्टडिज' (बीएमएस)का बारेमा थाहा पाए ।

नेपाल माउन्टेन एकेडेमीले पर्वतीय पर्यटनको विकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्न नेपालमै पहिलोपटक सुरु गरेको बीएमएस कार्यक्रमका उनी दोस्रो ब्याचका विद्यार्थी हुन् । उनी भन्छन्, 'दुर्गम क्षेत्रमा हेलिकप्टर उडान गर्दा आइपर्ने कठिनाइ सामना गर्न यो विषय पढ्दा सिकेका सीप धेरै काम लाग्छन् । दुर्गममा हेलिकप्टरबाट उद्धार गर्नुपर्ने हुन्छ, त्यस्तो बेला हेलीमा स्ट्रेचर राख्न सम्भव हुन्न तर डोरीबाट स्ट्रेचर बनाएर सजिलै घाइते वा बिरामीको उद्धार गर्न सकिने रहेछ । त्यस्तो सीप मैले यही आएर सिकें ।'

पर्वतीय पर्यटनको प्रवर्द्धन र विकास गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मातहत रहने गरी स्थापना भएको 'नेपाल माउन्टेन एकेडेमी'ले त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई २०७४ बाट स्नातक तहमा 'बीएमएस' पढाइरहेको छ । हाल अन्य कार्यक्रम समेत थप गरेर स्नातकोत्तर तहमा 'मास्टर अफ एडभेन्चर टुरिजम स्टडिज' (म्याट्स) र 'मास्टर अफ साइन्स इन् माउन्टेन एन्ड माउन्टेनियरिङ साइन्स' (एमएससी एमएमएस) समेत सञ्चालन गरिरहेको छ ।

'एमएससी एमएमएस' सेकेन्ड सेमेस्टरका विद्यार्थी अनिश दाहाल भन्छन्, 'नेपालमा माउन्टेनियरिङको अध्ययन अध्यापन एकदमै भर्जिन विषय हो । हिमालै हिमालको देश नेपालका हिमालका बारेमा अधिकांश अध्ययन अनुसन्धान विदेशीले गरिरहेका छन् । हिमाल हाम्रो भए पनि यसको ज्ञानमा हामी धेरै पछाडि रहेको बीएमएस र एमएससी एमएमएस अध्ययन गर्दा महसुस गरेको छु,' उनले थपे, 'यही ग्यापलाई पूरा गर्न सँगै पढेका हामी केही विद्यार्थी मिलेर एचआईटीईडी नामक कन्सल्टिङ फर्म दर्ता गरी काम गरिरहेका छौं । यो फर्मका माध्यमबाट पर्वतारोहणको अनुभव र सीप भएका तर व्यावसायिक ज्ञान न्यून भएकालाई व्यवसाय गर्न सहयोग गरिरहेका छौं ।'

एकेडेमीका कार्यकारी निर्देशक अर्जुन राईले यहाँ सञ्चालन भइरहेका शैक्षिक कार्यक्रमको सबैभन्दा सबल पक्ष नै सैद्धान्तिकसँगै फिल्ड अध्ययनको व्यवस्था रहेको बताए । उनी भन्छन्, 'विद्यार्थीलाई कल्चरर टुर, बेस क्याम्प ट्रेकिङ, ६ हजार र ७ हजार मिटरको हिमाल आरोहण लगायत माध्यमबाट व्यावहारिक ज्ञान दिलाउने गरिएको छ ।' सैद्धान्तिक र व्यावहारिक ज्ञानको संयोजनबाट पर्वतीय पर्यटनको क्षेत्रमा आवश्यक दक्ष व्यवस्थापकीय जनशक्ति उत्पादन गर्ने लक्ष्य एकेडेमीले राखेको छ । नेपालमा पर्वतारोहणमा अत्यन्त अनुभवीको बाहुल्य भएको तर उनीहरूलाई सैद्धान्तिक ज्ञान आवश्यक रहेको अवस्थामा एकेडेमीको भूमिका महत्त्वपूर्ण हुने जानकार बताउँछन् ।

एकेडेमीले माउन्टेनियरिङमा अध्यापन सुरु गरेपछि यहाँ अध्ययन गरेका विद्यार्थी विभिन्न एक्सपिडिसन कम्पनीको व्यवस्थापन सम्हालिरहेका छन् । पर्वतारोहणसँग सम्बन्धित व्यवसाय पूर्ण रूपमा अनुभवमा आधारित रहेर पारिवारिक व्यवसायको रूपमा सञ्चालन भइरहेको अवस्थामा सम्बन्धित विषयको औपचारिक पढाइले व्यवसायलाई नै आधुनिकीकरण गर्न मद्दत पुऱ्याउने सेभेन समिट ट्रेक्स प्रालिका मेनेजर थानेश्वर गुरागाईंले बताए । 'एकेडेमीबाट बीएमएस गरेका अशोक नेपाललाई हेड हन्ट गरेर कम्पनीको एचआर प्रमुखको रूपमा लिएर गएको छु,' गुरागाईंले भने, 'मलाई विश्वास छ, यहाँ पढेका विद्यार्थीले व्यवसायलाई अगाडि लैजान धेरै सहज हुनेछ ।' विद्यार्थीमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दुवै हुने भएकाले कम्पनीमा कर्मचारीको रूपमा लिँदा व्यवसाय सञ्चालनमा धेरै सहयोग पुगिरहेको उनको अनुभव छ ।

गत अटम सिजन (शरद ऋतु)मा बीएमएस सातौं सेमेस्टरका २७ विद्यार्थीमध्ये १८ जनाले ६,१४४ मिटर अग्लो थोरङ पिकको सफल आरोहण गरे । त्यस्तै, स्प्रिङ सिजनमा ७,१२६ मिटर उचाइको हिमलुङ हिमालको समेत सफल आरोहण विद्यार्थीले गरेका थिए । विद्यार्थीले पर्वतारोहण मात्र होइन, उच्च हिमाली क्षेत्रमा गएर विभिन्न विषयमा अनुसन्धान गर्न समेत सिकिरहेका छन् । त्यसरी गएका विद्यार्थीमध्ये प्रशान्त गिरी र आभास अर्यालले आफ्नो फिल्ड अध्ययनमा आधारित भएर काठमान्डु विश्वविद्यालयको प्रकाशन क्विमिको मा 'रुट म्यापिङ एन्ड एनालाइसिस अफ् यालुङ री पिक, गौरीशंकर कन्जर्भेसन एरिया, नेपाल' लेख समेत प्रकाशित गराए । स्नातक तह अध्ययन गर्दागर्दै अनुसन्धानमूलक लेख लेख्न प्रयास गर्नु विद्यार्थीको प्राज्ञिक यात्राका लागि राम्रो सुरुवात रहेको एकेडेमीको एमएससी कार्यक्रमका कोअर्डिनेटर अनिल भण्डारी बताउँछन् ।

कृषि विज्ञानमा स्नातक गरेका सोलुखुम्बुका बबिन श्रेष्ठले पर्वतीय पर्यटनमा प्रचुर सम्भावना देखेर स्नातकोत्तर तहमा विषय परिवर्तन गरेका थिए । एकेडेमीको 'म्याट्स' पहिलो ब्याचका विद्यार्थी श्रेष्ठ पढाइ पूरा हुनेबित्तिकै एकेडेमीको बीएमएस फ्याकल्टीमा समेत आबद्ध भएका छन् । पर्वतीय पर्यटन र णनीतिक व्यवस्थापनका माध्यमबाट नेपालले पर्यटन क्षेत्रमा आशातीत रूपमा फाइदा लिन सक्ने उनको विश्वास छ ।

एकेडेमीका प्रमुख शिवप्रसाद जैसी भन्छन्, 'अहिलेका नेपालका ठुला भनिने अधिकांश एक्सपिडिसन कम्पनीमा हाम्रा विद्यार्थीले काम गरिरहेका छन् । गिनिजबुक वर्ल्ड रेकर्ड होल्डर निर्मल पुर्जाको कम्पनी इलाइट एक्सपिड, पायोनियर एडभेन्चर, डके, एभरेस्ट शेर्पा, सेभेन समिट लगायत नाम चलेका एक्सपिडिसन कम्पनीहरूको व्यवस्थापन तहमा रहेर हाम्रा विद्यार्थीले काम गरिरहेका छन् ।'

एकेडेमीले नेपालको आवश्यकतालाई मध्यनजर गरी पाठ्यक्रम तय गरेको छ । बीएमएसमा 'ट्रेकिङ एन्ड पिक क्लाइम्बिङ म्यानेजमेन्ट', 'सेफ्टी एन्ड सेकुरिटी अपरेसन्स', 'माउन्टेन सेफ्टी प्रोटोकल्स', 'माउन्टेनियरिङ प्लानिङ हाई अल्टिच्युड हस्पिटालिटी' लगायत विषय पढाइन्छ । त्यस्तै, म्याट्समा 'इ-टुरिजम', 'एडभेन्चर', 'टुरिजम अपरेसन्स एन्ड म्यानेजमेन्ट', 'डेस्टिनेसन्स प्लानिङ', 'डेभलपमेन्ट एन्ड म्यानेजमेन्ट', 'सस्टेनेबल माउन्टेन टुरिजम डेभेलप्मेन्ट', 'स्ट्राटेजिक टुरिजम म्यानेजमेन्ट' लगायत विषय पढाइन्छ । पर्वतीय विज्ञानको क्षेत्रमा आवश्यक प्राज्ञिक अनुसन्धानकर्ता उत्पादन गर्न गत वर्षबाट मात्र एकेडेमीले एमएससी कार्यक्रम सुरु गरेको हो । एमएससीमा विद्यार्थीलाई 'जीआईएस एन्ड रिमोट सेन्सिङ', 'ग्लेसियल जियोमोर्फोलोजी', 'डाइनामिक्स अफ् स्नो', 'आइस एन्ड ग्लेसियर' लगायत विषय पढाइन्छ । एमएससीलाई अझ बढी प्रयोगात्मक बनाउन अन्तिम वर्ष पूर्ण रूपमा फिल्ड वर्क गर्नुपर्ने गरी पाठ्यक्रम तयार गरिएको छ ।

*(साभार: रातोपाटी)*

# उच्च शिक्षा सुधारको बाटो



✍ नारायणप्रसाद भण्डारी

राज्यले आशा जगाउन सकेन कि मानिसहरू बढी महत्वाकांक्षी भए खै ? देशमा हाल एउटा असमञ्जसपूर्ण अवस्थाको आभास हुन्छ । न समाज, न सामाजिक संरचनाहरूह न मानिस, न मानिसका दैनन्दिनहरूह न व्यापार, न वाणिज्यह न शिक्षा, न स्वास्थ्य- चल्नुपर्ने जसरी केही चलेको जस्तै लाग्दैन । जता गयो निराशा नै अभिव्यक्त भइरहेको सुनिन्छ । बिग्रियो, भत्कियो, सकियो जस्ता शब्दहरू मानिसका मुखारवृन्दमा आम लाग्दछ । लेखक आशा जगाउने मानिसहरू बीच नपुगेको पनि हुनसक्छ ।

देशको गति ठीक भएन कि ? मानिसको मति ठीक भएन ? यकिन जवाफ दिने कोही छैन । मूल प्रवाहका राजनीतिक दलहरूलाई सुन्दा लाग्दछ: सबै ठीकठाक नै त रहेछ ।

फेरि वैकल्पिक धारमा उदाउँदै गरेकाहरूलाई सुनौं: बिग्रिन बाँकी के नै पो रहेछ । राजनीतिक धारहरू जस्तै, विचार निर्माणकर्ताहरू (बुद्धिजीवी, सामाजिक अगुवा, पत्रकार आदि) पनि विभक्त भएको देखिन्छ, जसले आफ्नो राजनीतिक आस्था अनुकूलकै धारणा सम्प्रेषण गरिरहेछन् ।

मझधारमा बसेर जनतालाई वास्तविकता बताइदिने कोही भएन । कोही मझधारमा बसोस् पनि किन ? कोही कसैले राजनीतिक बहिष्करणमा पर्ने जोखिम मोलोस् पनि किन ? जोखिम मोल्नेहरूको हविगत उनीहरूले आफ्नै आँखा अगाडि देखिरहेका जो छन् !

अन्य क्षेत्रका बारेमा लेखकको धारणा देखेको, सुनेको, पढेको र आफ्नो विश्लेषण क्षमताको आधारमा बन्ने हो तर उच्च शिक्षा भने लेखकको आफ्नै कार्यक्षेत्र भएकाले उल्लिखित बाहेक अनुभवहरू समेत विचार निर्माणमा समाहित छन् । र, नेपालको उच्च शिक्षा हाल चौबाटोमा छ ।

पहिले जहाँ उच्च शिक्षा थियो, त्यहाँ एउटै बाटो थियो । र त, दिशा निर्देशित थियो ( भलै पूर्ण थिएन) । अहिले उच्च शिक्षालाई केन्द्रमा पारेर वरपर बाटै बाटा बने । सामान्यत: आफू केन्द्रमा पर्दा अवसरहरू नै अधिक हुने हो ।

तर अवसर त्यतिबेला मात्र अर्थपूर्ण हुने रहेछ, जतिबेला त्यसको उपयोग हुन्छ । बेलैमा उपयोग नभएका अवसरहरू केवल खेर जाने मात्र पनि होइन रहेछ, समयक्रममा आफ्नै लागि संकटको रूपमा रूपान्तरित पनि हुने रहेछन् । प्राप्त अवसरहरू खेर फाल्दै जाँदा नेपालको उच्च शिक्षा हाल तीव्र रूपमा संकटोन्मुख छ । संकटका बाछिटाहरूले हाम्रा उच्च शैक्षिक संस्थाहरूलाई घायल र त्रसित बनाउँदै लगेको छ ।

### वर्तमान स्थिति

एक समय थियो, त्रिभुवन विश्व विद्यालय केवल देशको धरोहरमा मात्र सीमित थिएन, दक्षिणएसिया र एसियामै गिनेचुने मध्येको एक उच्च शैक्षिक केन्द्र थियो । आजपर्यन्त पनि देशका राजनीतिक, आर्थिक, सामाजिक लगायत विभिन्न मोर्चाको नेतृत्व यही विश्वविद्यालयका उत्पादनहरूले गरिरहेछन् ।

यही विश्वविद्यालयका उत्पादनहरूले अन्तर्राष्ट्रिय रूपमै पनि प्रतिस्पर्धा गरिरहेका छन् र आफ्नो विशिष्ट पहिचान बनाएका पनि छन् । तर उत्पादनको त्यो गहकिलो पुस्ता निखिँदै जाँदैछ र अगाडि आउँदैछ भाइरल पुस्ता । जसमा धैर्य, समस्या पहिचान गर्ने र सामयिक रूपमा विश्लेषण गर्ने क्षमता तथा समस्या समाधान गर्ने गाम्भीर्यको सर्वथा अभाव छ ।

जो भाइरल पुस्ता आउँदैछ, त्यसले सामाजिक सञ्जालका भित्ताहरूमा भिन्नै परिचय बनाउनेछ र कर्मक्षेत्रमा भिन्नै । करिब दुई महिना अगाडि विश्वविद्यालय अनुदान आयोगमा गृहमन्त्री र शिक्षामन्त्री समेतको उपस्थितिमा देशका ११ विश्वविद्यालयका उपकुलपति सहभागी भई बैठक बसेको थियो, जहाँ विश्वविद्यालयहरूमा देखिएको सुरक्षा चुनौतीको विषयमा छलफल भएको थियो । स्रोतका अनुसार, त्यहाँ धारणा राख्ने ११ उपकुलपतिमध्ये १० जनाले आफू आफ्नै विश्वविद्यालयका विद्यार्थीबाट असुरक्षित रहेको ब्रिफिङ गरेका थिए ।

धन्य हो नेपाल खुला विश्वविद्यालय, जहाँ विद्यार्थीको भौतिक उपस्थिति खासै हुँदैन र संगठित हुन पाउँदैनन् । नत्र त्यहाँका पदाधिकारीहरूले पनि सायद उस्तै ब्रिफिङ गर्नुपर्ने थियो । अवस्था यस्तै रहे, आजका यिनै भाइरल विद्यार्थीले विना कुनै ग्लानि भोलि हाम्रो विश्वविद्यालयहरूको नेतृत्व गर्नेछन् । देशमा हाल केन्द्रीय र प्रादेशिक गरी कम्तीमा १५ विश्वविद्यालय र सो अन्तर्गत आंगिक, सामुदायिक र निजी गरी १ हजार ४५५ क्याम्पस/कलेज सञ्चालनमा रहेका छन् ।

त्यसैगरी ५७ कलेजहरू विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित छन् । विश्वविद्यालय अनुदान आयोगले प्रकाशन गरेको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रतिवेदन अनुसार आ.व. २०७८/७९ मा नेपाली विश्व विद्यालय तथा क्याम्पस/कलेजहरूमा ५ लाख ७९ हजार ४८८ विद्यार्थी अध्ययनरत थिए (यद्यपि यो संख्या सो वर्षहरूमा कोरोना कहरका कारण समयमै परीक्षा हुन नसक्दा खप्टिएका विद्यार्थीको संख्या समेत जोडिएको कारण बढेको हो । अघिल्लो आव २०७७/७८ मा त्यस्तो संख्या ४ लाख ६० हजार ८२६ थियो) । उता विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा २२ हजार ३३५ विद्यार्थी अध्ययनरत रहेका छन् ।

यस हिसाबले हेर्दा एउटा क्याम्पसमा आव २०७७/७८ मा ३२० तथा २०७८/९ मा ३९८ विद्यार्थी भर्ना भएका थिए । विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित कलेजहरूमा भने सोही आवहरूमा क्रमश: ३४२ र ३९१ विद्यार्थी भर्ना भएका थिए । उता युनेस्कोको प्रतिवेदन अनुसार सन् २०२२ मा मात्र ९५ हजार २८६ नेपाली विद्यार्थी अध्ययनका लागि विदेशिए, जुन संख्या सन् २०१७ मा ४४ हजार २५५ थियो । बाहिरिनेमध्ये प्लस टु मात्र सिध्याएका विद्यार्थीको संख्या करिब ८० प्रतिशत छ ।

राष्ट्र बैंकको प्रतिवेदन अनुसार आ.व.२०७९/८० मा वैदेशिक अध्ययन प्रयोजनका लागि करीब १ खर्ब २४ अर्ब रुपैयाँ बाहिरिएको छ, जुन रकम अघिल्लो आर्थिक वर्षमा करीब ६८ अर्ब रुपैयाँ थियो । रोचक हुन सक्छ, सरकारले आव २०७९/८० मा सम्पूर्ण शिक्षाको लागि १ खर्ब ९७ अर्ब बजेट छुट्याएको छ र जसमध्ये उच्च शिक्षाका लागि करीब १८ अर्ब । अर्थात्, विद्यार्थीले अघिल्लो आवमा जति रकम बाहिर लगे, त्यसको करिब १२.५ प्रतिशत ।

विद्यार्थी किन बाहिर गइरहेछन् ? संभवत: जवाफ सबैको मुखमा कण्ठै छ : शैक्षिक क्यालेण्डर कार्यान्वयनको दयनीय अवस्था, शैक्षिक संस्थामा हुने अति राजनीति, रोजगारीको अनिश्चितता, कमजोर भौतिक संरचना, समय सुहाउँदो शैक्षिक सामग्रीको अभाव, गुणस्तर माथिको प्रश्न आदित्यादि ।

सत्य हो, नेपाली उच्च शिक्षाले विद्यार्थीलाई विश्वासमा लिन सकेन, समयको पदचापलाई पछ्याउन सकेन, शैक्षिक आयामहरूमा भइरहेको परिवर्तनलाई आत्मसात् गर्न सकेन । बरु घरी चौबाटोमा गतिहीन भएर ठिंग उभियो, कहिले जहाँको त्यही फन्को लगायो र गति प्राप्त भएको भ्रममा रुमल्लियो । तर पाइला सरेन ।

अनि सऱ्यो विद्यार्थीका पाइलाहरू । अहिले त पाइला सार्ने प्रवृत्ति यति गहिरो भयो कि, सन्तान नविदेशिए अभिभावकलाई समाजमा मुखै देखाउन गाह्रो भए जस्तोह समाजबाटै बहिष्कृत भए जस्तो । स्वदेशमै बस्नेहरू त नालायक भएर बसे जस्तोह स्वदेशमै परिश्रम गरेर घरको मिठो-मसिनो खानेहरू त पाखे जस्तो । अहो, राज्य र समाज दुवै मिलेर जान अञ्जानवश: हुर्काउँदै गरेको विद्यार्थी लखेट्ने यो प्रवृत्ति संस्कार नै पो बन्ने हो कि ! ?

आजको परिस्थिति कसरी आयो ? यसमा सैद्धान्तिक र व्यावहारिक दुवै कारण छन् । उच्च शिक्षा कसका लागि ? सबैका लागि वा आर्जन गर्न चाहने योग्यहरूका लागि ?

राज्यको भूमिका कस्तो ? प्रत्यक्ष, परोक्ष वा निरपेक्ष ? लगानी कसको ? राज्यको वा विद्यार्थी स्वयंको ? उच्च शिक्षा आर्जन पछि राज्यको भूमिका के ? रोजगारीको सुनिश्चितता वा रमिते ? मोडालिटी कस्तो ? आजकै जस्तो सम्बन्धन प्रधान वा उपाधि प्रदान गर्न सक्ने मानित विश्वविद्यालयहरूको प्रधानता ?

यी सैद्धान्तिक प्रश्नहरूमा एउटा बाटो तय नगरी उच्च शिक्षाको आजको अलमल निरुपण हुँदैन । नि:सन्देह राष्ट्रिय शिक्षा नीति-२०७६ ले कतिपय प्रश्नको जवाफ दिने प्रयास गरेको छ तर सो नीति कार्यान्वयनका लागि आवश्यक ऐनको मस्यौदाले वर्षौंदेखि शिक्षा-कानून-अर्थ मन्त्रालयहरूमा चक्कर काटिरहेको छ ।

ऐन आउने त कहिले कहिले ! अर्कोतर्फ विश्वविद्यालय अनुदान आयोगले तय भएका नीतिहरू कार्यान्वयनमा ल्याउनका लागि लिइरहेको कतिपय पहलकदमीमा तिनै मन्त्रालयहरूले छेकबार लगाइरहेका छन् । समस्या जटिल बनिसक्दा पनि निर्णयहरू फुर्सदिलो तरिकाले लिने परम्परागत अभ्यासको निरन्तरता वास्तवमै उदेकलाग्दो हो । कति भएपछि अति हुने हो, टुंगो छैन ।

विश्वविद्यालय अनुदान आयोग भन्छ- भएका १५०० क्याम्पसमध्ये करीब ८०० मा २०० भन्दा कम विद्यार्थी अध्ययनरत छन् । क्याम्पसहरू भन्छन् : विद्यार्थी संख्या झनै घट्दो छ । जति छन् ती पनि संक्रमणकालीन विद्यार्थी छन्, जो वैदेशिक अध्ययन वा रोजगारीको लागि 'रनिङ लेटर' लिएर बसेका छन् । विश्वविद्यालय होस् वा क्याम्पसहरू, आर्थिक अवस्था दयनीय बन्दै गइरहेको छ । विद्यार्थीले शुल्क तिरिरहेका छैनन्, अध्यापक तथा कर्मचारीहरूले महिनौंदेखि तलब पाएका छैनन् ।

भन्दा उच्च शैक्षिक संस्था भनिएको छ तर वास्तविकता 'ट्युसन सेन्टर' जस्तो छ । बिहान ६ बजे खुल्ने, ९ बजे बन्द हुने । त्यस्तोमा के गुणस्तर, के अनुसन्धान ! संस्थाहरूमा धेरै कुरा सकिँदै सकिँदै गए पनि एक चिज भरिलो छ - त्यो हो, स्ववियू । जो खाडल थप गहिऱ्याउन उद्यत छ : तालाबन्दी गर्न, त्रास देखाउन, कनीकुथी उठ्ने शुल्क घटाउन, भागबन्डामा भाग खोज्न र साँच्चिकै अध्ययन गर्नका लागि भर्ना भएकाहरूको पढ्न पाउने अधिकार हनन् गर्न ।

संविधानमा उच्च शिक्षाको अधिकार केन्द्र सरकार र प्रादेशिक सरकार बीच बाँडफाँट गरिएको छ र अधिकारको उपयोग केवल नयाँ विश्वविद्यालय स्थापनाको होडबाजीमा सीमित छ । नयाँ खोलिनु समस्या होइन, समस्या त नयाँपन नहुनुमा हो ।

न नयाँ उद्देश्य, न नयाँ कार्यक्रम, न नयाँ तौरतरिका, न उपाधि र रोजगार बजारको माग बीच सन्तुलन, न स्थायित्वको सुनिश्चितता । फगत राजनीतिक स्टन्टबाजी । अर्कोतर्फ केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकार तीनै तहले उच्च शिक्षामा धेरथोर लगानी गरेका छन् । यस हिसाबमा उच्च शिक्षामा यकिन लगानी कति भएको छ, राज्यलाई नै थाहा छैन ।

जसले लगानी गरे पनि फेरि, लगानीको जोड करीब एउटै छ - भौतिक संरचनाको निर्माण । अनुसन्धान, नवप्रवर्तन, सीप विकास, उद्यमशीलताको विकास लगायत कार्य गरी गुणस्तर सुनिश्चित गर्नका खातिर लगानी विस्तार गर्न भने हिचकिचाहट (यद्यपि विश्वविद्यालय अनुदान आयोगले यस कार्यमा केही लगानी गरेको छ) ।

जुनसुकै सरकारी तहबाट लगानी होस्, उच्च शिक्षालाई राज्यको भरथेग अवश्य पनि राम्रो हो । तर सो लगानी विविधतायुक्त र परिणाममूलक हुनुका साथै प्राथमिकतापूर्ण हुनु पनि जरूरी छ ।

उच्च शैक्षिक संस्थाहरूमा राजनीतिक हस्तक्षेप थप दुरुहपूर्ण अवस्थामा छ । फगत राजनीतिक नियुक्ति मात्र पनि समस्या होइन, नियुक्तिसँगै व्यावसायिकताको तिलाञ्जली हुनु चिन्ताजनक हो । त्यति मात्र पनि होइन, जो आए पनि असफल बनाउन कम्मर कसेर लाग्ने कुसंस्कार उच्च शैक्षिक संस्थाहरूमा कार्यरत जनशक्तिमा पनि प्रतिबिम्बित हुनु झन् विडम्बना हो । क्षमता र व्यावसायिकता भन्दा भागशान्तिका आधार संस्थामा सन्तुलन बन्ने प्रक्रिया अभिशाप हो । हामी यिनै अभिशापहरूले अभिशप्त छौं ।

*(साभार: अनलाइनखबर)*

# वाइडबडी प्रकरणमा ३ विदेशी कम्पनीका प्रतिनिधिलाई अख्तियारले बोलायो




काठमाडौं/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वाइडबडी विमान खरिद प्रक्रियामा जोडिएका तीन विदेशी कम्पनीका सञ्चालकलाई बयानमा बोलाएको छ ।

नेपाल वायुसेवा निगमले वाइडबडी विमान खरिद गर्दा भएको भनिएको भ्रष्टाचार प्रकरणको अनुसन्धानका लागि अख्तियारले नेपाली मूलका बेलायती नागरिक दीपक शर्मा, जर्मन नागरिक क्रिश्चियन न्ह्युलेन र रोमानियाका नागरिक ओलेग कालिस्त्रुलाई १५ दिनभित्र उपस्थित हुन सार्वजनिक सूचना जारी गरेको हो ।

बिहीबार द राइजिङ नेपाल दैनिकमा प्रकाशित सूचनामा भनिएको छ, 'देहायका व्यक्ति पासपोर्ट र हालसालै खिचिएको फोटोसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टंगालस्थित कार्यालयको कोटा नं. १०८ मा १५ दिनभित्र उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ ।'

निगमले ए-३३०-२०० विमान खरिद गर्दा भ्रष्टाचार भएको भन्ने उजुरीको छानबिनका सिलसिलामा उनीहरुलाई बोलाइएको अख्तियारले सूचनामा उल्लेख गरेको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४३ मा अनुसन्धानको दायरामा परेको व्यक्तिलाई सूचना पुऱ्याउन नसकेमा वा म्याद तामेल नभएमा सार्वजनिक सूचना निकाल्ने व्यवस्था छ ।

अख्तियारले बोलाएका मध्ये दीपक शर्मा निगमलाई दुईवटा वाईडबडी विमान बेच्ने सम्झौता गरेको अमेरिकाको एएआर कर्पोरेसनका अध्यक्ष हुन् ।

सूचनामा उल्लिखित जर्मन नागरिक क्रिश्चियन न्ह्युलेन वाइडबडी विमान खरिद बिक्री प्रक्रियामा जोडिएको जर्मनीस्थित जर्मन एभिएसन क्यापिटल, यही नाममा सिंगापुरमा दर्ता भएको अर्को कम्पनी र निगमलाई वाइडबडी विमान बेच्न आयरल्याण्डमा खडा गरिएको हाई फ्लाई एक्सका निर्देशक हुन् ।

तेस्रो व्यक्ति ओलेग कालिस्त्रु जर्मन एभिएसन क्यापिटल नामक कम्पनीका वित्तीय निर्देशक हुन् ।

**के हो वाइडबडी विमान खरिद प्रकरण ?**

२०७३ सालमा नेपाल वायुसेवा निगमले बजार विस्तारका लागि भन्दै दुईवटा वाइडबडी विमान खरिद गर्ने निर्णय गरेको थियो । खरिदका लागि निगमले अमेरिकाको एएआर इन्टरनेशनल नामक कम्पनी छनौट गरेको थियो ।

तर खरिदको समझदारी (एमओयु) गर्ने क्रममा एएआरका साथै जर्मन एभिएसन क्यापिटल र हाइफ्लाई एरोज पोर्चुगल कम्पनी पनि समावेश भए ।

यी तीनवटै कम्पनीले आयरल्याण्डमा हाइफ्लाई एक्स नामक कम्पनी स्थापना गरे । नेपाल वायुसेवा निगमले जहाज खरिदका लागि उसैसँग सम्झौता गऱ्यो ।

उक्त कम्पनी जहाज बिक्रीकै लागि खडा गरिएको भेटिएको थियो । सन् २०१७ फेब्रुअरी २१ अर्थात् २०७३ साल फागुन १० गते स्थापित उक्त कम्पनीले एयरबस कम्पनीबाट दुईवटा वाईडवडी विमान खरिद गरी २४ अर्ब रुपैयाँमा नेपाल वायुसेवा निगमलाई बेचेको हो ।

१ मार्च २०१७ (२०७३ फागुन १८ गते) मा बैना स्वरुप १० लाख अमेरिकी डलर भुक्तानी गरेको निगमले १९ जुन २०१७ (२०७४ असार ५ गते) मा थप ७ करोड ९० लाख भुक्तानी गरेको थियो । २८ जुन २०१८ (२०७५ असार १४ गते) र २६ जुलाई (२०७५ साउन १० गते) मा नेपालमा दुईवटा वाइडवडी विमान ल्याइएको थियो ।

विमान तयार भएपछि रकम भुक्तानीका लागि भने जर्मनीकै नटर्न रोज फुलब्राइट नामक कम्पनीसँग सम्झौता भएको थियो । दुईवटा पक्षले विश्वास गरेको तेस्रो पक्षको खाता (जसलाई एस्क्रो खाता भनिन्छ) मा रकम राखी सम्झौता अनुसारको काम भएको भुक्तानी गरिएको थियो ।

नेपाल वायुसेवा निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण लिएर करिव २४ अर्ब रुपैयाँमा दुईवटा वाइडबडी विमान खरिद गरेको थियो ।

एउटा कम्पनीलाई टेण्डरमा छनौट गर्ने, थप दुईवटा कम्पनी जोडिएको कन्सोटियमसँग समझदारी गर्ने र अर्कै खातामा रकम भुक्तानी गरेपछि वाइडबडी विमान खरिद प्रक्रिया विवादमा परेको थियो । प्रश्न उठेपछि यसबारेमा अध्ययन गर्न प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले उपसमिति नै गठन गरेको थियो ।

सांसद राजन केसीको संयोजकत्वमा गठित उपसमितिले २०७५ पुसको तेस्रो साता बुझाएको प्रतिवेदनमा दुईवटा वाइडबडी विमान खरिदमा ४ अर्ब ३५ करोड ५६ लाख रुपैयाँ अनियमितता भएको दाबी गरेको थियो ।

उसले विमान उत्पादक कम्पनी एयरबस र नेपाल बायुसेवा निगम बीचमा खडा गरिएको हाईफ्लाई एक्स नामक कम्पनी बीचको अपारदर्शी कारोबार भएकाले त्यो खुलेमा अनियमितताको अंक थप स्पष्ट हुने औंल्याएको थियो ।

लेखा समितिले उडान भर्दाको अधिकतम तौल, मूल्यवृद्धिको अनुपात, गलत लागत अनुमान तयार गरिएको लगायतका आधार देखाई अनियमितता भएको दावी गरेको थियो । सोझै उत्पादकसँग खरिद नभएको, आशयपत्रका शर्तहरु दुराशययुक्त रहेको पनि लेखाको निष्कर्ष थियो ।

विमानको क्षमता घटाइएको, विचौलिया कम्पनी खडा गरिएको, शंकास्पद कारोबार भएको, उत्पादन नम्बर फेरिएको, खरिद कानुनको उल्लंघन भएको र कबोल गरिएको मूल्यमा वृद्धि भएको भन्दै अनियमितता भएको निष्कर्ष निकालेको थियो ।

लेखा समितिको दाबी अनुसार, तोकिएभन्दा कम तौल क्षमताको विमान खरिद गर्दा निगमलाई करिब ९२ करोड रुपैयाँ क्षति पुगेको थियो । कम तौलका कारण अष्ट्रेलियाको सिड्नी लगायतका गन्तव्यमा सोझो उडान भर्न सम्भव नहुने भन्दै उपसमितिले निगमलाई दीर्घकालीन नोक्सानी पुगेको ठम्पाएको थियो ।

छानबिन सुरु भएपछि लेखा समितिमा तत्कालिन महाप्रबन्धक सुगतरत्न कंसाकारले कानुनले ठेकेदारको रुपमा चिन्ने कम्पनीलाई विचौलिया भन्न नहुने धारणा राखेका थिए । कंसारकाले संसारभर स्पेसल प्रपोज कम्पनी (एसपीसी) गठन गर्ने प्रचलन रहेको भन्दै निगमको विमान खरिदमा पनि त्यही प्रक्रिया अवलम्बन गरिएको प्रतिक्रिया दिएका थिए ।

अख्तियारले नेपाल बायुसेवा निगमलाई वाइडबडी विमान बिक्रीमा संलग्न कम्पनी र तिनका सञ्चालकहरुलाई अनुसन्धानका सिलसिलामा झिकाएको यो पहिलो घटना भने होइन । चैत, २०७५ मा पनि अख्तियारले यसैगरी खरिद प्रक्रियामा जोडिएका ५ वटा कम्पनीहरुका नाममा सूचना जारी गरेको थियो ।

त्यतिबेला अख्तियारले आयरल्याण्डको डब्लिनस्थित हाइफ्लाई एक्स लिमिटेड, अमेरिकाको एएआर इन्टरनेशनल, जर्मनीको जर्मन एभिएसन क्यापिटल, पोर्चुगलको हाई फ्लाई एरोज पोर्चुगल र जर्मनीकै नटर्न रोज फुलब्राइटलाई झिकाएको थियो । लामो समय मौन रहेको अख्तियारले विहीबार अर्को सूचना निकालेर ३ जनालाई बोलाएको हो ।

वाइड बडी विमान खरिदबारे छानबिन गर्न तत्कालिन लेखा समितिले गठन गरेको उपसमिति संयोजक सांसद राजन केसीले घटनाको पाँच वर्षपछि भए पनि छानविन अघि बढ्नु सकारात्मक भएको बताए ।

'हामीले त्यतिबेला उपलब्ध कागजातका आधारमा अध्ययन गरेर प्रतिवेदन बुझाएका थियौं, अख्तियारले साह्रै ढिलो अनुसन्धान अघि बढाएको छ', उनले भने, 'यसमा गडबड छ भनेर प्रतिवेदन नै दिएपछि संवैधानिक आयोगले समयमै काम टुंग्याउनुपर्ने थियो, निकै ढिला भयो ।'

*(स्रोत: अनलाइनखबर)*

# '११:५५' मा सृष्टि र महेशको जोडी



काठमाडौं/अभिनेता सौगात मल्लसँग ब्रेकअप भएपछि अभिनेत्री सृष्टि श्रेष्ठले फिल्ममा काम गरेकी थिइनन् । जसले गर्दा ब्रेकअपपछि उनलाई फिल्मको प्रस्ताव आउन टुटेको समेत चर्चा भयो । तर, यो चर्चाबीच उनी क्राइम-थ्रीलर जनरामा बन्न लागेको नयाँ फिल्म '११:५५'मा आबद्ध भएकी छन् । बिहीबार काठमाडौंमा ११:५५ बजे नै एक कार्यक्रमबीच फिल्मको औपचारिक रुपमा निर्माण घोषणा गरियो ।

यस फिल्ममा सृष्टिको जोडी अभिनेता महेश त्रिपाठीसँग बाँधिनेछ । उनीहरुबीच पहिलोपटक सहकार्य भएको हो । सागर खनाल, करिश्मा श्रेष्ठ, विशाल पहारी, बुद्धि तामाङ, एमएस अग्रजको पनि अभिनय रहने फिल्मलाई केशव पाण्डेले निर्देशन गर्नेछन् । यही शनिबारदेखि छायांकन सुरु हुन लागेको फिल्ममा निर्देशक पाण्डे, अभिनेता अग्रज र शेखर ज्ञवालीको पटकथा लेखन रहेको छ ।

प्रद्युम्न मिश्रको छायांकन रहने फिल्मको निर्मातामा श्याम शर्मा र सरोजा शर्मा छन् भने जुनानाथ सापकोटा सह-निर्मातामा छन् ।

निर्देशक पाण्डे फिल्मको कथा नै स्टार रहेको दाबी गर्छन् । सृष्टिले यो फिल्मले आफ्नो करिअरलाई अगाडि बढाउन मद्दत गर्ने विश्वास व्यक्त गरिन् । महेशले भने आफूले नयाँ भूमिका प्राप्त गरेकोमा खुसी व्यक्त गरे । फिल्मको कथा ६ पात्रको वरपर घुम्नेछ ।

विचित्र फिल्म्सले गुड जब आर्ट्ससँग सहकार्य गरेको फिल्ममा पासाङ दावा शेर्पाको सम्पादन, अल्मोडा राना उप्रेती तथा कुशल आचार्यको संगीत, कविराज गहतराजको नृत्य निर्देशन, देव महर्जनको द्वन्द्व निर्देशन, सायदको कार्कीको मुख्य सहायक निर्देशन रहनेछ । विभिन्न विशेषता बोकेका पात्रहरुले निम्त्याउने स-साना घटनाक्रमले सिर्जना गर्ने परिस्थितिमा केन्द्रित भएर फिल्म बन्नेछ ।

# मंसिर २३ देखि सुरु हुँदै 'मानव अधिकार चलचित्र महोत्सव'




काठमाडौं/मानव अधिकार चलचित्र केन्द्रको आयोजनामा यही मंसिर २३ गतेदेखि काठमाडौंमा 'नेपाल मानव अधिकार अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' हुने भएको छ । महोत्सवको ११औं संस्करण मंसिर २६ गतेसम्म प्रदर्शनी मार्गस्थित नेपाल पर्यटन बोर्ड र चाबहिलस्थित चलचित्र विकास बोर्डको सभा हलमा आयोजना हुने जनाइएको छ । यसपटक महोत्सवको नारा भने 'सामूहिक अधिकार' भन्ने छ ।

महोत्सवको सुरुवात सुभांगी खड्काको वृत्तचित्र 'द एज अफ लर्निङ'बाट गरिनेछ । विश्वभरि खुल्ला आवेदनबाट संकलन गरिएका डकुमेन्ट्री, सर्ट, एनिमेसन र फिक्सन गरी २६ देशका ५४ वटा फिल्महरु महोत्सवमा प्रदर्शन हुने महोत्सव निर्देशक पाण्डव खत्रीले जानकारी दिए । महोत्सवमा मानव अधिकारका विषयमा निर्माण भएका फिचर/सर्ट फिल्म तथा वृत्तचित्रहरु मात्र प्रदर्शन गरिनेछ ।

महोत्सवको जुरीमा बेलायतका माइकल ब्राउन, भारतकी अनुपमा बोस र नेपालकी पशुपति राई छन् । जुरीबाट छानिएका उत्कृष्ट पाँच फिल्महरुलाई अन्तरष्ट्रिय फिचर प्रतिस्पर्धा, अन्तर्राष्ट्रिय सर्ट फिक्सन तथा ननफिक्सन र नेपाली सर्ट फिक्सन तथा ननफिक्सन विधामा नगदसहित महोत्सवमा पुरस्कार प्रदान गरिनेछ भने एकजना उत्कृष्ट नेपाली महिला निर्देशकलाई पुरस्कृत पनि गरिनेछ ।

महोत्सवमा फिल्म प्रदर्शनका साथै फिल्मकर्मी, दर्शक, विश्लेषक र मानव अधिकारकर्मीबीच बहस पनि हुनेछ । महोत्सव निर्देशक खत्री महोत्सवले नेपाली फिल्म र फिल्मकर्मीलाई 'एक्सपोजर'को अवसरसँगै मानव अधिकारको विषयलाई सशक्त बनाउन भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनका अनुसार, यस वर्ष महोत्सवका लागि ८७ देशबाट ९ सय ज्यादा फिल्मको आवेदन परेको थियो ।

# अप्रिलबाट १० ठूला बैंकको सम्पत्ति पुनर्मूल्यांकन हुने




काठमाडौं/सन् २०२४ को अप्रिलबाट नेपालका १० वटा ठूला बैंकको सम्पत्तिको पुनर्मूल्यांकन हुने (पोर्टफोलियो रिभ्यु) सुरु हुने भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषसँग विस्तार कर्जा सुविधा (ईसीएफ) लिंदा नेपाल सरकारले गरेको प्रतिबद्धता अनुरुप ठूला बैंकहरुको सम्पत्तिको पुनर्मूल्यांकन हुन लागेको हो ।

कोभिडपछि अर्थतन्त्रमा देखिएको समस्या सुधारका लागि आईएमएफले नेपाललाई ईसीएफअन्तर्गत ३७ करोड ६५ लाख अमेरिकी डलर (करिब ५० अर्ब रुपैयाँ) ऋण दिंदैछ । त्यही ऋणको तेस्रो किस्ता उपलब्ध गराउँदै उसले नेपालका ठूला १० बैंकको कर्जा पोर्टफोलियो रिभ्युको पहिलो चरणको काम यही आर्थिक वर्षमा सुरु हुने जानकारी दिएको हो ।

आईएमएफले बिहीबार जारी गरेको रिपोर्ट अनुसार २०२३ को अन्तिमसम्म राष्ट्र बैंकले उक्त पोर्टफोलियो रिभ्युको लागि कायदिश तयार गर्नेछ । २०२४ को अप्रिलबाट उक्त प्रक्रिया अगाडि बढ्ने र २०२४ को जुलाई मध्य (चालु आवको असार मसान्त)सम्म तथ्यांक संकलन गर्ने कार्य हुने नेपाल राष्ट्र बैंकले जनाएको छ । २०२४ को डिसेम्बरसम्म रोडम्याप तयार हुने र २०२५ सममा सम्पन्न गर्ने राष्ट्र बैंकले जनाएको छ ।

नेपाल राष्ट्र बैंकले अन्तर्राष्ट्रिय विज्ञहरु मार्फत १० वटा ठूला बैंकको सम्पत्तिको गुणस्तर कर्जा तथा लगानी प्रणालीको सुधारको लागि रिभ्यु गर्न लागेको हो । नेपालमा बैंकिङ प्रणालीबाट उच्च कर्जा विस्तार हुने तर त्यसले अर्थतन्त्रमा योगदान कम दिने समस्या देखिएको छैन । सोही कारण बैंकहरुको सम्पत्तिको गुणस्तर परीक्षण गर्नुपर्ने सर्त अन्तर्राष्ट्रिय मुद्रा कोषले राखेको थियो ।

आईएमएफले राष्ट्र बैंकले सुरु गर्ने १० वटा ठूला बैंकको कर्जा प्रणालीको सुधार र सम्पत्तिको वर्गीकरणको महत्वपूर्ण चरण भएको भन्दै यसलाई निरन्तरता दिन आवश्यक रहेको बताएको छ । यसले कर्जा प्रणालीमा महत्वपूर्ण सुधार गर्ने आईएमएफले बताएको छ ।

आईएमएफले मौद्रिक नीतिको अहिलेको सतर्कतालाई निरन्तरता दिनुपर्ने पनि बताएको छ । 'मूल्य र बाह्य क्षेत्रको स्थायित्वका लागि मौद्रिक नीतिले अहिले लिएको सतर्कता कायम राख्नुपर्छ,' आईएमएफले भनेको छ ।

आईएमएफले वित्त नीतिलाई पनि क्रमश: सबल बनाउँदै लैजानुपर्ने बताएको छ । वित्तीय पारदर्शिताका लागि संस्थागत सुशासनमा सुधारको गतिलाई कायम राख्नसके मात्रै नतिजा आउने आईएमएफले बताएको छ । थप संरचनात्मक सुधार, स्वदेशी राजस्व परिचालनमा वृद्धि सार्वजनिक लगानी व्यवस्थापनलाई सुदृढ गर्न, वित्तीय जोखिमहरुलाई सम्बोधन गर्न मध्यम अवधिको वित्तीय दिगोपनलाई बलियो बनाउन वित्तीय नीतिले भूमिका खल्नुपर्ने आईएमएफको सुझाव छ ।

यस्तै सम्पत्ति शुद्धीकरण तथा आतकंवादी क्रियाकलापमा वित्तीय लगानी निवारण फ्रेमवर्कलाई प्रभावकारी बनाउने अन्तर्राष्ट्रिय मापदण्डअनुसार आवश्यक सुधार गर्नुपर्नेमा आईएमएफको जोड छ । अन्तर्राष्ट्रिय मापदण्डअनुसार त्यसलाई सुधार गर्न नसकेको अवस्थामा विश्वव्यापी वित्तीय प्रणालीमा सहज पहुँचको लागि पनि सम्पत्ति शुद्धीकरण तथा आतकंवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी फ्रेमवर्कलाई सुधार गर्नुपर्ने बताएको हो ।

विस्तारित कर्जा सुविधाको समझौता हुँदा नै नेपाल राष्ट्र बैंक ऐन संशोधन र नेपाल राष्ट्र बैंकको अन्तर्राष्ट्रिय लेखा परीक्षणको सर्त आईएमफले राखेको थियो । त्यसमा उसले पुन: जोड दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# यू-१९ विश्वकपको राम्रो तयारी हुनसक्छ एसिया कप

काठमाडौं/यू-१९ एसिया कपमा नेपालले आज शुक्रबार आफ्नो पहिलो खेलमा पाकिस्तानसँग खेल्दैछ । दुबईको आईसीसी एकेडेमी ग्राउण्ड २ मा हुने यो खेल नेपाली समयअनुसार विहान ११:१५ मा सुरु हुनेछ ।

सन् २००२ को विश्वकपमा भएको खेलमा नेपालले पाकिस्तानलाई ३० रनले हराएको थियो, त्यसयता भएको सबै खेल पाकिस्तानले जितेको छ । पछिल्लो पटक २०१६ को विश्वकपमा भएको भेटमा पाकिस्तान १२२ रनले विजयी भएको थियो ।

समूह ए मा परेको नेपालले पाकिस्तानपछि अफगानिस्तान र भारतसँग खेल्नेछ । तीनवटै टेष्ट मान्यता प्राप्त देश भएकाले एसिया कपलाई नेपालले जित हार भन्दा बढी अनुभव हासिल गर्ने र विश्वकपको तयारीका रुपमा लिइएको छ । 'विश्वकप खेल्न जानु अघि हामीले टेष्ट राष्ट्रसँग खेल्ने मौका पाएका छौं' मुख्य प्रशिक्षक जगत टमाटा भन्छन्, 'यो हाम्रो क्षमता परीक्षणको राम्रो मौका हो ।'

नेपाल ८ वर्षपछि यू-१९ विश्वकपमा पुगेको छ, जुन प्रतियोगिता १३ जनवरीबाट सुरु हुनेछ । नेपालले पहिलो पटक सन् २००० मा यू-१९ विश्वकप खेलेको थियो भने २००६ मा यो प्रतियोगिताको प्लेट च्याम्पियन भएको थियो । उमेर समूहमा नेपालले भारत, पाकिस्तान, न्युजिल्यान्ड, दक्षिण अफ्रिका, बंगलादेशजस्ता टेस्ट मान्यता पाएका देशका टोलीलाई हराइसकेको छ । तर सन् २०१६ पछि भने विश्वकपको छनोट चरण नै पार गर्न सकेको थिएन ।

एसिया कप भने सन् २०१२ यता ७ पटक खेलिसकेको छ । सन् २०१७ मा समूह चरणमा २ खेल जित्दै सेमिफाइनल प्रवेश गरेको थियो । दिपेन्द्र सिंह ऐरीको कप्तानीमा नेपालले भारतलाई १९ रनले हराएको थियो । यो नै यू-१९ एसिया कपमा नेपालले अहिलेसम्म हासिल गरेको ठूलो उपलब्धी हो ।

पछिल्लो पटक २०२२ मा भने नेपालले समूह चरणका तीनवटै खेल हारेको थियो । यो पटक नेपालले भारत र पाकिस्तानमध्ये एक टिमलाई हराएर सेमिफाइनल पुग्ने लक्ष्य राखेको छ । दुबई जानुअघि यू-१९ कप्तान देव खनालले भनेका थिए, 'टेष्ट राष्ट्रलाई हराएर सेमिफाइनल पुग्ने हाम्रो कोशिस रहन्छ ।'

फेब्रुअरी-मार्चमा भएको विश्वकप छनोटमा ५ मा ५ खेल जितेको नेपालले एसिया कपको छनोट (यू-१९ प्रिमियर कप)मा पनि खेलेको सबै ५ वटै खेल जितेको थियो । दुबै प्रतियोगितामा शतप्रतिशत (१० खेल) जितेको नेपाली टोलीको आत्मविश्वास बलियो छ । साथै सिनियर टिमबाट टेष्ट राष्ट्रहरुविरुद्ध खेलिसकेका गुल्सन झाको उपस्थितिले टिम अझ सन्तुलित बनेको छ ।

क्रिकेट प्रशिक्षक राजु बस्न्यात नेपाली क्रिकेट एसियाको इमर्जिङ पावर भएकाले यू-१९ टिमले पनि एसिया कपमा भारत र पाकिस्तानमध्ये एकलाई हराउनुपर्ने बताउँछन् । 'हामीले अफगानिस्तानलाई त हराउनुपर्छ नै, भारत र पाकिस्तानमध्ये एक टिमलाई हराएर सेमिफाइनलमा पुग्न सक्नुपर्छ' उनले सँग भने, 'यो नै यू-१९ विश्वकपका लागि राम्रो तयारी हुनेछ ।' पूर्वकप्तान एवं नेपाल क्रिकेट संघका सचिव पारस खड्का पनि यो प्रतियोगिता यू-१९ वर्ल्डकपका लागि तयारी र अनुभवका हिसाबले महत्वपूर्ण हुने बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'देव वाणी'मा अभिनय गर्न 'वान्टेड' भिलेन नेपालमा



काठमाडौं/भारतीय फिल्ममा नकारात्मक भूमिकामा रुचाइएका अभिनेता ह्यारी जोशले नेपाली फिल्ममा अभिनय गर्ने भएका छन् । 'वान्टेड', 'धूम २', 'वेलकम' जस्ता फिल्ममा अभिनय गरिसकेका उनी नेपाली फिल्म 'देव वाणी'मा देखिन लागेका हुन् । फिल्ममा अभिनय गर्न उनी बुधबार नेपाल आइसकेका छन् । उनलाई फिल्मको टिमले त्रिभुवन विमानस्थालमा खादा र मालाले स्वागत गरेको थियो ।

बिहीबार बिहानदेखि बालाजु ल्याबमा जोशको भागको छायांकन भैरहेको निर्देशक बाबु साहेव बलामीले जानकारी दिए । करिब ६ दिन फिल्मको अन्तिम चरणको छायांकन हुनेछ । फिल्ममा ह्यारीको विशेष भूमिका रहेको बलामीले बताए । फिल्म हिन्दी भाषामा पनि बनेकाले भारतीय कलाकारलाई समेटिएको उनको भनाई छ । फिल्मलाई नेपालसँगै भारतमा हलमा रिलिज गर्ने योजना छ ।

एक्सन-लभस्टोरी कथामा बनेको फिल्ममा सुनिल थापा, कुन्दन भारद्वाज, अनुजा लेप्चा, ध्रुव कोइराला, घनश्याम गिरी, रबिन्द्र झा, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, काजोल राघवाणी, लक्ष्मीनाथ तिमल्सिनाको पनि अभिनय रहेको छ । दशैंभन्दा अगाडि नै सिमरा र वीरगञ्ज क्षेत्रमा छायांकन भैसकेको फिल्मको काठमाडौं छायांकनपछि प्याकअप हुनेछ ।

मौसम फिल्म्स प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टले निर्माणमा सहकार्य गरेको फिल्मको कथा निराजन मेहता मन्जिलको हो । मिना खड्का र हिराबहादुर लेप्चा निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा महेन्द्र यादव र अपार गुरुङ छन् । फिल्ममा श्री श्रेष्ठको द्वन्द्व, हरिबहादुर घलेको छायांकन, तेञ्जु योञ्जनको कोरियोग्राफी, मनोहर सुनामको संगीत र बन्दे प्रसादको सम्पादन छ ।

*(स्रोत: फिल्मीखबर))*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# गीति नाटकबाट लैगिंकहिंसाविरुद्ध सचेतना

साझाकुरा संवाददाता




हेटौंडा, २१ मंसिर/ लैगिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत बिहीबार गीति नाटक प्रदर्शन गरिएको छ । हेटौंडा उपमहानगरपालिका-१० वडा कार्यालयको आयोजना तथा सामुदायिक सेवा उपकेन्द्र बसपार्क, साना हातहरु नेपाल मकवानपुर, माइती नेपाल मक्वानपुर र हिमराइट्स मक्वानपुरको समन्वयमा हेटौंडा बसपार्कमा गीति नाटक प्रदर्शन गरिएको हो ।

हेटौंडा उपमहानगर पालिका कार्यपालिका सदस्य साधना श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर जिल्ला समन्वय समिति पूर्वप्रमुख रघुनाथ खुलालको प्रमुख आतिथ्यता रहेको थियो । गीति नाटकद्वारा बोक्सीको आरोपमा समाजले दिएको पीडा, महिलामाथी हुने जबर्जस्ती करणीका घटना, समाजमा रहेको कुसंस्कार, विभिन्न कुसंस्कारको कारण महिलाले भोग्नुपर्ने दु:ख, समाजमा अपाङ्गता भएका व्यक्तिको समस्या, यातायातमा यात्राको क्रममा महिलामाथी हुने हिंसा जस्ता समाजका विकृतिलाई गीति कथा मार्फत देखाइ समाजमा चेतना जगाउन खोजिएको थियो ।

गीति नाटक प्रदर्शन कार्यक्रममा १० नम्बर वडाअध्यक्ष फुर्वादोर्जे तामाङ, सामुदायिक प्रहरी सेवाउपकेन्द्र बसपार्कका अध्यक्ष प्रदीप कडेल, माइती नेपाल कार्यालय संयोजक माया लामा, साना हात नेपाल मकवानपुर शाखा कार्यालय स्टेसन म्यानेजर डिकम्बर रुपाचा, नारी संरक्षण केन्द्रकी अध्यक्ष दीपा गुरुङ, कोसिसकी सुमिरा लामा, मानवअधिकार संघ मकवानपुरकी अध्यक्ष सर्मिला श्रेष्ठ, भुटनदेवी युवाक्लब अध्यक्ष सविन तामाङ, हिमराइटसकी कुमारी वाइवालगायत विभिन्न संघ सस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

लैंगिकहिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको एक्यवद्धता भन्ने नाराका साथ लैंगिक हिंसा रोकथामका लागि मंसिर ९ गतेदेखि सुरु भएको लैगिकहिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत मकवानपुरमा विभिन्न संस्थामार्फत लैंगिकहिंसा सम्बन्धी कार्यक्रम भइरहेको छ । मंसिर ९ गतेबाट सुरु भएको अभियान २४ गते विभिन्न कार्यक्रम गरी अन्त्य हुने जनाइएको छ ।

# थाहा आइडलको ‘एकल नृत्य’मा ११ जना छनोट



साझाकुरा संवाददाता

हेटौंडा, २१ मंसिर/थाहा नगरपालिकामा जारी चौथो थाहा महोत्सवमा आयोजित थाहा आइडल एकल नृत्यमा बुधबार उत्कृष्ट ११ छनोट भएका छन् । उत्कृष्ट २० जनाबाट ११ जनाको छनोट गरिएको हो ।

छनोट हुनेमा थाहा-६ की सुहाना गोपाली, थाहा-३ की अंशु घिमिरे, मोरङका विजय मगर र सुदीप विश्वकर्मा, थाहा-१२ का सोनिमा वाइवा, थाहा-४ का कृपा गोर्खाली, थाहा-२ की साइना तामाङ, थाहा-३ का अनिस लामा, कुलेखानीका सन्ध्या थापामगर, थाहा-२ की स्वेता तामाङ र थाहा-५ की रियाल बल रहेका छन् ।

‘बुधबार उत्कृष्ट १० छनोट गर्ने लक्ष्य लिएका थियौं,’ प्रतियोगिताका कार्यक्रम संयोजक यादवजंग रायमाझीले भने, ‘थाहा-२ की स्वेता तामाङ र थाहा-५ की रिया बलले समान अंक प्राप्त गर्न सफल भए । दुवैजनाको अंक बराबर भएपछि ११ जनाको छनोट गरेका हौं ।’

‘मंसिर २१, २२ र २३ गतेबाट भोटिङ सुरु हुनेछ । भोटिङबाट २० प्रतिशत र र निर्णायकको ८० प्रतिशत गरेर निर्णय हुनेछ भने उत्कृष्ट ६ बाट शतप्रतिशत भोटिङको आधारमा नतिजा घोषणा गर्ने उनले जानकारी दिए । प्रतियोगितामा निर्णायक एलिना रानामगर र विजयश्याम अमात्य रहेका छन् । थाहानगर उद्योग वाणिज्य संघको आयोजनामा जारी चौथो थाहा महोत्सवमा बिहीबार गायिक आस्था राउत, र मेशराज भट्टराई, सम्झना लामिछाने र राजेन्द्र (गुन्द्रुके) को प्रस्तुती रहेको थियो ।

# बागमतीमा पुस पहिलो सातादेखि राष्ट्रपति रनिङशिल्ड

साझाकुरा संवाददाता




हेटौंडा, २१ मंसिर/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा पुस पहिलो सातादेखि राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आयोजना गरिने भएको छ । त्यस्तै पुसको दोस्रो साता मनहरी गाउँपालिकाले पालिकास्तरमा छनोट खेल आयोजना गर्ने भएको छ ।

गाउँ शिक्षा समितिको बैठकले स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आगामी पुस ६-८ गते तीनदिन संचालन गरिने निर्णय गरेको पालिका अध्यक्ष सर्केश घलानले जानकारी दिए । मकवानपुर जिल्ला खेलकुद विकास समितिले गत असोज ११ गते पत्राचार गर्दै स्थानीय तहले यही मङ्सिर मसान्तसम्ममा प्रतियोगिता सम्पन्न गरी प्रतिवेदन पेश गर्न अनुरोध गरेता पनि पालिकाको वार्षिक शैक्षिक क्यालेन्डर अनुसार पुसको ६ गतेदेखि प्रतियोगिता संचालन गर्ने निर्णय भएको जनाइएको छ ।

बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानको अध्यक्षतामा खेलकुद विकास समिति र प्रधानाध्यापकसँगको संयुक्त बैठकबाट स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्न बागमती खेलकुद विकास समितिका अध्यक्ष टीकालाल श्रेष्ठको संयोजकत्वमा एघार सदस्यीय समिति गठन गरेको छ । प्रतियोगिता पालिकाको वडा नम्बर ४ स्थित झुरझुरेको खेलमैदानमा गर्ने निर्णय भएको संयोजक श्रेष्ठले बताए ।

प्रतियोगितामा पालिका अन्तर्गतका पाँचवटा माध्यमिक विद्यालय र एघारवटा आधारभूत विद्यालयका विद्यार्थीहरु सहभागी हुने प्रतियोगिता आयोजक समितिका संयोजक श्रेष्ठले जानकारी दिए । गतवर्ष सम्पन्न बागमती गाउँपालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि वडा नम्बर ८ स्थित जनता माविले जितेको थियो ।

# मनहरीमा अल्ट्रासाउन्ड सेवा सुरु

साझाकुरा संवाददाता



हेटौंडा, २१ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिकाले ग्रामीण अल्ट्रासाउन्ड (एक्स-रे) सेवा सुरु गरेको छ । पालिकाले गर्भवती महिला लक्षित कार्यक्रमअन्तर्गत अल्ट्रासाउन्ड मेसिन खरिद गरी सेवा सञ्चालन गरेको हो ।

गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले स्वास्थ्य शाखालाई भिडियो एक्स-रे मेशिन हस्तान्तरण गरेसँगै सेवा सञ्चालन गरिएको बताए । गर्भवती अवस्थामा आमा र बच्चाको स्वास्थ्य अवस्था बुझ्न भिडियो एक्सरे गर्न आवश्यक रहेको उनले बताए । ग्रामीण भिडियो एक्सरे सेवामार्फत प्रत्येक वडाका गर्भवती महिलाले नजिकैको स्वास्थ्यचौकीबाट नि:शुल्क सेवा प्राप्त गर्ने स्वास्थ्य शाखाप्रमुख रामचन्द्र दाहालले जानकारी दिए ।

एक्सरे सेवाले गर्भवती आमा र बच्चाको स्वास्थ्य अवस्थाको जानकारीसँगै शिशु तथा मातृमृत्युदर न्यूनीकरण गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे । यसअघि भिडियो एक्सरे सेवाका लागि मनहरीका दुर्गम गाउँका गर्भवती महिला हेटौंडा आउनु पर्ने बाध्यता थियो । यो सेवा लिन स्थानीय निजी अस्पतालमा महँगो शुल्क तिर्न बाध्य थिए ।

यो सेवाले विशेष गरी मनहरीका दुर्गम क्षेत्रका गर्भवती महिला बढी लाभान्वित हुने पालिकाको विश्वास छ । एक्सरेको लागि हेटौंडासम्म धाउनु पर्ने बाध्यताको अत्य भएपछि मनहरीका स्थानीयले खुशी व्यक्त गरेका छन् । यसैगरी गाउँपालिकाले गर्भवती महिलालाई पूर्ण संस्थागत प्रसुती सेवाका लागि नि:शुल्क एम्बुलेन्स सेवाको ब्यवस्था गरेको छ । त्यस्तै पालिकाले गर्भवती महिलालाई प्रयोगशालाको पनि सुविधा उपलब्ध गराएको अध्यक्ष कालाखेतीले जानकारी दिए ।

# बुद्ध माविलाई क्याम्पस बनाउने पहल

साझाकुरा संवाददाता

हेटौंडा, २१ मंसिर/ मकवानपुरको पूर्वी ग्रामीण क्षेत्र बकैयाको हात्तीसुँडेमा बहुमुखी क्याम्पस स्थापना गर्न पहल थालिएको छ । बकैया गाउँपालिका-३ मा रहेको बुद्ध माध्यमिक विद्यालयलाई बहुमुखी क्याम्पस बनाउने पहल थालिएको हो ।

विद्यालयलाई बहुमुखी क्याम्पस बनाउने उदेश्यसहित आगामी पुस १० देखि १८ गतेसम्म श्रीमद्भागवतमहायज्ञ हुने भएको छ । ‘श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञ एवं धार्मिक महोत्सव २०८०’ मा कथाशिरोमणि पण्डित दीपककुमार पौडेलले कथावाचन गर्नेछन् ।

बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले बुद्ध माविमा क्याम्पस सञ्चालन गर्न पहल थालिएको बताउँदै ग्रामीण क्षेत्रका विद्यार्थीले सहज उच्चशिक्षा पाउने विश्वास व्यक्त गरे । उनले बकैया, बागमती र सिन्धुलीका विद्यार्थीलाई पनि हात्तीसुडेँमा क्याम्पस सञ्चालन गर्न सकिए उच्चशिक्षा अध्ययन गर्न अन्त जानुपर्ने बाध्यता हट्ने बताए ।

धरान-चतरा सडक निर्माण भएसँगै ग्रामीण क्षेत्रबाट विद्यार्थी बुद्ध माविमा अध्ययन गर्न आउने वातावरणको सिर्जना भएकाले क्याम्पस सञ्चालनको पहल थालिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ताराचन्द्र बजगाईंले बताए ।

‘पूर्वीक्षेत्रमा एउटा पनि क्याम्पस छैन, क्याम्पस पढ्न हेटौंडा नै जानुपर्ने बाध्यता छ,’-अध्यक्ष बजगाईंले भने । बुद्ध माविमा एकहजार दुईसय विद्यार्थी अध्ययनरत छन् । तामाङ समुदायको बाहुल्यता रहेको यस क्षेत्रको बागमती र बकैया गाउँपालिकामा क्याम्पस नहुँदा उच्चशिक्षा अध्ययनका लागि हेटौंडा नै जानुपर्ने बाध्यता छ ।

# जुवाखालमा प्रहरीको छापा, मकवानपुरका दुईजना पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा, २१ मंसिर/ प्रहरीले ललितपुरको एउटा निजी घरमा चलिरहेको जुवाखालमा छापा मारेको छ । जुवा खालमा छापा हानेको प्रहरीले जुवा खेल्ने र खेलाउने गरी १० जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरका दुईजना अन्य ८ जना रहेका छन् । ललितपुर महानगरपालिका-३ जावलाखेलको बागडोलस्थित बस्ना केसीको घरमा जुवा तथा कौडा खेल्ने गरिएको भन्ने सूचनाका आधारमा प्रहरीले छापा मारेर उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले उनीहरुको साथबाट ४ लाख ९९ हजार ५०० रुपैयाँ नगद र १६ थान कौडा बरामद गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको भीमफेदी गाउँपालिका-८ घरभइ ललितपुरको चापागाउँ बस्ने ३८ वर्षीय समिर भनिने साधुराम कठायत र मकवानपुरको थाहा नगरपालिका-१२ घरभइ ललितपुरको बागडोल बस्ने ४९ वर्षीय सोमनाथ गोले रहेका छन् ।

प्रहरीले ललितपुरको महाकाल-८ घरभइ चापागाउँ बस्ने ३५ वर्षीय उमेश घिमिरे, ललितपुरको महाकाल-४ घरभइ ललितपुरको धापाखेल बस्ने ३४ वर्षीय राजेश तिमिल्सिना र सिन्धुपाल्चोकको लिखुशंकर गाउँपालिका-४ घरभइ ललितपुरको महालक्ष्मी-३ बस्ने ३५ वर्षीय बिशु तामाङ, ललितपुरकै मंगलबजारका ३७ वर्षीय वीरेन्द्र स्थापित, मंगलबजारकै ४२ वर्षीय श्याम महर्जन, ३८ वर्षीय शैलेश महर्जन र ज्वागल घर भएका ३९ वर्षीय राजीव डंगोललाई पक्राउ गरेको छ । ललितपुरको चापागाउँ बस्ने ४५ वर्णीय प्रदीपकुमार लामालाई पनि प्रहरीले पक्राउ गरेको छ ।

# शृंखलालाई पूर्वमिस नेपालहरुको सामूहिक बधाई

साझाकुरा संवाददाता



हेटौंडा, २१ मंसिर/ हेटौंडाकी पूर्वमिस नेपाल श्रृंखला खतिवडाले मंसिर २८ गते लगनगाँठो कस्दैछिन् । यतिबेला शृंखला र उनको परिवारलाई विवाहको तयारी गर्न भ्याइनभ्याइ छ ।

विवाहको खबर मिडियामा आएपछि उनलाई बधाईको ओइरो छ । पूर्वसांसद विरोध खतिवडा र मुनु सिग्देलको छोरी श्रृंखलाको विवाहको चर्चा गतसाता व्यापक बनेको थियो । केही दिनअघि पूर्वमिस नेपालहरुले नगरकोटमा भेला भएर श्रृंखलालाई विवाहको सामूहिक बधाई दिएको तस्बिर बाहिरिएको छ ।

काव्या रिसोर्ट एण्ड स्पामा भेला भएर उनीहरुले श्रृंखलालाई बधाई दिएका हुन् । पूर्वमिस नेपालले श्रृंखलाको यो खुसीमा रमाइलो गरे ।

जमघटमा पूर्वमिस नेपालहरु श्रृंखलासहित उषा खड्गी, प्रिया सिग्देल, जेनिशा मोक्तान, सदीक्षा श्रेष्ठ, अनुष्का श्रेष्ठ, नम्रता श्रेष्ठ, इभाना मानन्धर, मलिना जोशी उपस्थित थिए । नगरकोटको रिसोर्टले पूर्वमिस नेपालहरुको यो जमघटको व्यवस्था मिलाएको थियो ।

# ०.४९ प्रतिशत ब्याजदरमै राष्ट्र बैंकमा निक्षेप राख्दै बैंक




काठमाडौं, २१ मंसिर/ बैंकिङ प्रणालीमा अधिक तरलता भए पनि बैंकहरु ०.४९ प्रतिशत ब्याजदरमा नै राष्ट्र बैंकमा निक्षेप राख्न तयार भएका छन् । बुधबार र बिहीबार लगातार दुई दिन निक्षेप संकलन उपकरण मार्फत ३५ अर्ब रुपैयाँ तरलता खिचिसकेको केन्द्रीय बैंकले शुक्रबार पनि थप २५ अर्ब तरलता खिच्ने भएको छ ।

बिहीबार राष्ट्र बैंकले बैंकिङ प्रणालीमा रहेको अधिक तर लता खिच्न २५ अर्ब रुपैयाँको निक्षेप संकलन उपकरण बोलकबोल गरेको थियो । जसमा बैंकहरुले ०.४९ प्रतिशत ब्याजदरमै निक्षेप राख्न प्रस्ताव पेश गरेका छन् । २५ अर्बको निक्षेप संकलन उपकरणमा बैंकहरुले ६४ वटा प्रस्ताव पेश गर्दै ४६ अर्ब ७० करोडको लागि आवेदन दिएका हुन् ।

जसमा न्यूनतम ०.४९ प्रतिशत ब्याजदर र अधिकतम १ प्रतिशत ब्याजदरको प्रस्ताव गर्दा ०.८३४९ प्रतिशत औसत ब्याजदर कायम भएको नेपाल राष्ट्र बैंकले जनाएको छ । बुधबार १० अर्बको निक्षेप संकलन उपकरण बोलकबोल गर्दा औसत ब्याजदर ०.७०४८ प्रतिशत कायम भएको थियो । जसमा बैंकहरुले अधिकतम ब्याजदर ०.८४९९ प्रतिशत र न्यूनतम ब्याजदर ०.५८९७ प्रतिशत प्रस्ताव गरेका थिए । बुधबारको भन्दा बिहीबार औसत ब्याजदर केही बढे पनि न्यूनतम ब्याजदर भने घटेको छ । १० अर्बको निक्षेप संकलन उपकरण बोलकबोल हुँदा ३७ वटा आवेदनमा ३६ अर्ब ९५ करोडको प्रस्ताव परेको थियो ।

मंसिर लागेपछि मात्रै राष्ट्र बैंकले ८० अर्ब तरलता बैंकिङ प्रणालीबाट खिचेको छ । अहिले पनि बैंकिङ प्रणालीबाट खिचेको ४५ अर्ब तरलता राष्ट्र बैंकसँग रहेको छ । २१ मंसिर आज पनि १० अर्बको निक्षेप संकलन उपकरणमा म्याद सकिएपछि १४ दिनको लागि २५ अर्ब तरलता खिचेको हो । १७ मंसिरमा खिचेको १० अर्ब तरलताको अवधिक २४ मंसिरमा सकिँदैछ । त्यसअघि २२ मंसिरमा केन्द्रीय बैंकले थप २५ अर्ब तरलता निक्षेप संकलन उपकरण बोलकबोल मार्फत खिच्न लागेको हो । शुक्रबार १४ दिनका उक्त तरलता खिच्न लागेको हो ।

आर्थिक वर्ष २०७८-७९ मा चरम तरलता अभाव झेलेका बैंकहरुले गत आर्थिक वर्ष २०७९-८० को पहिलो र दोस्रो त्रैमाससम्म राष्ट्र बैंकबाट तरलता सुविधा उपयोग गरिरहेका थिए । तर गत आर्थिक वर्षको निक्षेपको तुलनामा कर्जा विस्तार ज्यादै न्यून भएको र चालु आर्थिक वर्षमा पनि हालसम्म निक्षेपमा भएको वृद्धि भन्दा कर्जा विस्तार न्यून देखिन्छ । चालु आर्थिक वर्ष लागेपछि १५ मंसिरसम्म निक्षेप २ खर्ब ९ अर्बले विस्तार हुँदा कर्जा भने १ खर्ब २५ अर्ब मात्रै विस्तार भएको राष्ट्र बैंकले जनाएको छ । निक्षेपको तुलनामा कर्जा विस्तार न्यून हुँदा सरकारले १ खर्ब भन्दा बढी आन्तरिक ऋण परिचालन गरि सक्दा समेत बैंकिङ प्रणालीमा अधिक तरलता छ ।

राष्ट्र बैंकको २० मंसिर सम्मको तथ्यांक अनुसार बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तर बैंक ब्याजदर १.०३ प्रतिशतमा झरेको छ । नेपाल र ाष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा भारित औसत अन्तर बैंक ब्याजदर ब्याजदर करिडोर अन्तर्गतको निक्षेप संकलन दर भन्दा तल गएमा स्थायी निक्षेप संकलन सुविधा उपलब्ध गराउने बताएको थियो । तर बैंकिङ प्रणालीमा अधिक तरलता भएर दिनदिनै निक्षेप संकलन उपकरण बोलकबोल गर्दा समेत उक्त व्यवस्था भने कार्यान्वयन गरेको छैन ।

# ‘मिट द मेकर्स’ सम्मेलनमा निशानको विदेशी मेकरलाई नेपालमा छायांकन गर्न आग्रह

काठमाडौं, २१ मंसिर/ विश्वभरका फिल्मकर्मी र मिडियाकर्मीहरुको सम्मेलन ‘फोकस २०२३, मिट द मेकर्स’मा नेपालबाट सम्पादक तथा निर्देशक निशान बाबु घिमिरेले सहभागिता जनाएका छन् । ‘द लोकेशन गाइड लण्डन’को आयोजनामा लण्डनस्थित विजनेस डिजाइन सेन्टरमा यही डिसेम्बर ५ र ६ सम्म भएको सम्मेलनमा उनलाई आयोजकले लामो अध्ययन तथा केही चरणको वार्तालापपछि छनोट गरेका थिए ।

नेपाल म्युजिक भिडियो निर्देशक समाजका उपाध्यक्ष रहेका निर्देशक घिमिरेले नेपाल र नेपाली संस्कृतिलाई झल्काउन तथा नेपाली फिल्मबारे विदेशी मेकरलाई जानकारी दिलाउन सम्मेलनमा एउटा स्टल राखेका थिए । जहाँ अन्य देशका सहभागीहरुले नेपालका विभिन्न छायांकन स्थल, संस्कृति झल्काउने तस्वीर तथा भिडियोहरु, नेपाली फिल्म र म्यूजिक भिडियोको अवलोकन गरेका थिए ।

लण्डनबाट निशाल भन्छन्, ‘नेपाली फिल्म विश्व बजार का अन्य फिल्मभन्दा कमजोर छैनन् । नेपालमा विदेशी फिल्म छायांकन गर्न प्रशस्त स्थलसहित अनुकूल वातावरण रहेकोले विदेशी फिल्मकर्मीहरुलाई नेपाली फिल्मको अन्तर्राष्ट्रिय बजारीकरणमा सहयोग गर्न र छायांकनका लागि नेपाल आउन आह्वान गर्दै सहजीकरणका लागि प्रतिबद्धता पनि जनाएँ । र, विदेशी मेकर सकारात्मक छन् ।’

लण्डन जानुभन्दा अघि निशानले सम्मेलनका बारेमा चलचित्र विकास बोर्डलाई जानकारी गराएपछि बोर्डले उनलाई स्टलका लागि आवश्यक ‘फिल्मिङ इन नेपाल’ पुस्तकसहितका केही महतत्वपूर्ण दस्तावेज उपलब्ध गराएको थियो । उनका अनुसार, सम्मेलनमा सहभागी भएका विश्व प्रतिष्ठित मार्भल स्टुडियो, नेटफ्लिक्सका प्रतिनिधिहरुले नेपाल र नेपाली फिल्मको बारेमा चासो राखेका थिए ।

‘मैले स्टलमा ‘द सोल अफ द हिमालयज’को व्यानर राखेको थिएँ । र, बोर्डले उपलब्ध गराएको ‘फिल्मिङ इन नेपाल’ पुस्तक अन्य देशका सहभागीलाई देखाउँदा उनीहरु नेपालको सुन्दरता देखेर प्रभावित भएका थिए,’ निशानले भने ।

# मेरा फिल्मले ५१ औं र एक दिन दुवै मनाएका छन्: उदय सुब्बा

काठमाडौं, २१ मंसिर/ उदय सुब्बा फिल्म निर्देशनमा २ दशकभन्दा बढी समयदेखि सक्रिय रुपमा छन् । उनले निर्देशन गरेका ‘लेखान्त’, ‘क्रान्ति’, ‘कार्याङ ग्याङ’, ‘कानुन’ जस्ता फिल्म व्यावसायिक रुपमा सफल मानिन्छन् । उनले निर्देशनसँगै निर्माण र अभिनयलाई पनि निरन्तरता दिँदै आइरहेकाछन् । उनको २३औं निर्देशन रहेको फिल्म ‘दुई कदम’ यही मंसिर २९ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

उनी २३औं फिल्मसम्म आइपुग्दा पनि आफू सिक्ने चरणमा नै रहेको बताउँछन् । बुधबार काठमाडौंमा फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा उनले भने, ‘यो मेरो २३औं फिल्म हो । तर, म अझै पनि सिक्ने क्रममा नै छु । हामी त एनलगबाट सिक्दै आएका हौं । अहिले त तीन-तीन महिनामा प्रविधिले पनि सिक्ने बनाइदिन्छ । ‘दुई कदम’मा मैले गरेको प्रयास राम्रै भएको छ भन्ने लागेको छ ।’

निर्देशक सुब्बाले ‘क्रान्ति’ देखि अभिनेता सुनिल थापासँग जुगलबन्दी गर्दै आइरहेका छन् । ‘दुई कदम’मा पनि उनीहरुबीच सहकार्य भएको छ । उनी आफ्नो लागि सुनिल थापा ‘लक्की’ मान्छन् । उनी भन्छन्, ‘मैले दाईलाई जुन फिल्ममा लिएँ, त्यसले ५१औं दिन मनायो । र, गाँठ पनि कमाएँ । उहाँको ठाउँमा आफैं खेलेको, गाँठै गुमाएँ ।’ उनको कुरामा सुनिल थापा मुर्छा परेर हाँसेका थिए ।

निर्देशक सुब्बालाई काम गर्ने क्रममा सफलता र असफलता भइरहन्छ भन्ने लाग्छ । उनी आफ्ना फिल्मले हलमा ५१औं र एक दिन मनाएको पनि स्मरण गर्छन् । ‘हाम्रो कर्म काम गर्ने हो । काम गर्दै जाने हो । सफलता र असफलता त भैर हन्छ । मेरै कुनै फिल्मले ५१ दिन मनायो । कुनै फिल्मले एक पनि मनायो । यो फिल्मले के-कस्तो गर्छ, त्यो भोलिकै दिनमा थाहा हुन्छ,’ उनले भनेका छन् ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
| --- | --- | --- | --- |
| १ | PLI१५१०००६३७९ | नर बहादुर बस्नेत | हेटौंडा-०१, मकवानपुर |


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना